सुर्तीजन्य पदार्थको सेवनबाट विभिन्न किसिमका क्यान्सर (फोक्सो, मुख, घाँटी, रगत, पेटलगायतका शरीरका अङ्गहरू), मुटुसम्बन्धी रोगहरू, हृदयघात, मस्तिष्कघात, दम, खोकी, क्षयरोग, निमोनिया र श्वासप्रश्वाससम्बन्धी दीर्घकालीन रोग लाग्न सक्दछ ।
त्यसैले सुर्तीजन्य पदार्थ सेवन नगरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदुषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कंदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन ०३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्दछ // 2024 July 18 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१६

## गत आवमा ५३.७८ प्रतिशत मुद्दा फछ्र्यौट
# पर्सा जिल्ला अदालतले एक अर्ब जरिवाना उठाउन बाँकी

प्रस, परवानीपुर, २ साउन/

पर्सा जिल्ला अदालतले हालसम्म कुल रु एक अर्ब १० करोड २२ लाख ४७ हजार ७८४ जरिवाना असुल गर्न बाँकी रहेको छ ।

पर्सा जिल्ला अदालतद्वारा आयोजित सञ्चारकर्मीहरूसँगको अन्तर्क्रियामा मुख्य न्यायाधीश दीपक खनालले अदालतले सुरक्षा निकायसँग फरार अभियुक्त पक्राउ गर्न सहकार्य गर्नुपर्ने भएकोले उक्त सहकार्य सक्रियतापूर्वक नभएकोले जरिवाना रकम बक्यौता दिन प्रतिदिन बढ्दै गएको बताए । उनले आगामी दिनमा जरिवाना रकमलाई घटाउन अदालत गम्भीर भएर लाग्ने बताए । गत आव २०८०/८१ मा असुल हुन बाँकी कैदको बक्यौता दुई हजार ३४२ वर्ष तीन महिना छ दिन रहेको बताइएको छ । गत आवसम्म विशेष अभियानबाट ५६ हजार २३५ जना व्यक्तिबाट रु ९२ लाख ६४ हजार ४९० जरिवाना असुल गरिएको थियो । यसैगरी, विशेष अभियानमार्फत हालसम्म कुल ११ महिला र ४६ पुरुष गरी कुल ५७ जनाबाट १५२ वर्ष छ महिना १९ दिन कैद असुल गरिएको जानकारी गराइयो । गत आवमा मात्रै कुल एक हजार ४८८ वर्ष नौ महिना कैद असुल गरिएको छ भने रु तीन करोड ५१ लाख ४० हजार ३६९ जरिवाना असुल भएको छ ।

मुख्य न्यायाधीश खनालले दिएको जानकारी अनुसार गत आवमा एक हजार ६६४ मुद्दा जिम्मेवारी सरेर आएका थिए भने सो वर्षमा दुई हजार पाँच मुद्दा दर्ता भई जम्मा तीन हजार ६६९ मुद्दामध्ये ५३.७८ प्रतिशत अर्थात् एक हजार ९७३ वटा मुद्दा फछ्र्यौट भएको र बाँकी एक हजार ६९६ मुद्दा सुनवाइ हुन बाँकी रहेको छ । चालू आव २०८१/८२ मा ८१.५३ प्रतिशत अर्थात् दुई हजार ४२० वटा मुद्दा सुनवाइ गर्ने लक्ष्य राखिएको पर्सा जिल्ला अदालतले जनाएको छ ।



पत्रकारहरूको जिज्ञासा सम्बन्धमा मुख्य न्यायाधीश खनालले अदालतले आफ्नो सेवासुविधा प्रभावकारी बनाउँदै जाने भन्दै अदालतको विकृतिबारेमा पनि सबैलाई सचेत हुन आग्रह गरे । उनले कतिपय सेवाग्राहीलाई कानून र अदालती प्रक्रियाबारेमा जानकारी नहुँदा दुःख भोगिरहेको चर्चा गरे । कानून व्यवसायीहरूको शुल्क तोक्ने विषयमा दुई पक्षबीच भएको सहमति अनुसार शुल्क निर्धारण हुने गरेको उनले बताए । पत्रकारहरूले तस्बिर खिच्न नपाउँदा अदालतको कार्यसम्पादन प्रक्रिया कसरी पारदर्शी हुन सक्छ भन्ने प्रश्न गरेका थिए । सेटिङविना अदालतमा कुनै पनि मुद्दाको निर्णय हुँदैन भन्ने प्रश्नमा उनले यी सबै कुरा हाउगुजी भएका र पुख्ता प्रमाण भएको खण्डमा मुद्दाको निर्णय चाँडै हुने बताए । अदालतमा कानून व्यवसायी, न्यायाधीशका चालक, भान्से र सहयोगी नै बिचौलिया भएर सेवाग्राहीसँग घूस लिने गरेको भन्ने पत्रकारहरूले प्रश्नमा उनले विगतभन्दा अदालतमा न्यायसम्पादनको प्रक्रिया सुधार हुँदै गएको र आगामी दिनमा अदालत परिवार सच्चिएर अघि बढ्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा न्यायाधीशहरू धुवराज त्रिपाठी, प्रमेश पोखरेल, आनन्दप्रसाद श्रेष्ठ, मुकुन्दप्रसाद आचार्य, श्रेस्तेदार धर्मेन्द्र अधिकारी, तहसिलदार सुदीप पोखरेललगायतको सहभागिता थियो ।

## ११ वर्षीया बालिकाको डुबेर मृत्यु

प्रस, परवानीपुर, २ साउन/

वीरगंज-२२ जगरनाथपुर बस्ने साबिर मियाँकी ११ वर्षीया छोरा मनीषा खातुनको डुबेर मृत्यु भएको छ । मङ्गलवार साँझ ६ बजे गाउँको पूर्वपट्टि भएर बग्ने श्रीसिया खोलामा नुहाउने क्रममा डुबेर मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ ।

नुहाइरहेको अवस्थामा डुब्दा मनीषाका साथीहरूले गाउँमा खबर गरेपछि प्रहरीले उद्धार गरी थप उपचारको लागि नारायणी अस्पताल पुऱ्याउँदा मृत्यु भइसकेको थियो । बुधवार बिहान शवको शल्यपरीक्षण गरी परिवारजनको जिम्मा लगाइएको वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक धर्मजङ्ग थिङले जानकारी गराए ।

## वन समूहको क्षेत्रभित्रको
# अस्फाल्ट बेचिङ प्लान्ट अझै चल्दै

प्रस, निजगढ, २ साउन/

निजगढ नगरपालिका वडा नं ९ स्थित आदर्श सदाबहार सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र वन ऐन कानूनविपरीत सञ्चालनमा रहेको अस्फाल्ट बेचिङ प्लान्ट असार मसान्तसम्म बन्द गर्ने उद्योग पक्षले मौखिक आग्रह गरेसँगै व्यावहारिक रुपमा छोडे पनि अहिलेसम्म बन्द भएको छैन ।



आदर्श सदाबहार सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र सञ्चालनमा रहेको अस्फाल्ट बेचिङ प्लान्ट । तस्वीरः प्रतीक

विगत चार वर्षदेखि पर्साको रञ्जन निर्माण सेवा स्थानीय स्वार्थी समूहको आडमा सो उद्योग सञ्चालनमा ल्याए पनि एक महिना अघि सामुदायिक वन उपभोक्ता समूहले सात दिनभित्र हटाउन पत्राचार गरेको थियो । सो वन समूहको गत जेठ १ गते मङ्गलवार बसेको बैठकले सात दिनभित्र सो उद्योग नहटाए वनको ऐन, कानून अनुसार आवश्यक कारबाही गर्ने र त्यहाँ रहेका सम्पूर्ण मेशीन, गाडी, अन्य सामानसमेत जफत गर्ने जनाउँदै निजगढ-९ का अध्यक्ष रामचन्द्र कटुवालको रोहबरमा वन समूहका अध्यक्ष रामप्रसाद पाण्डे, उपाध्यक्ष रामकुमार श्रेष्ठलगायतका पदाधिकारीहरूले उद्योगलाई सो पत्र बुझाएका थिए ।

आर्थिक वर्षमा सडक निर्माण कार्य अधुरो रहने भन्दै असार मसान्तसम्म चलाउन दिन मौखिकरूपमा समयसीमा सो उद्योगले मागेको थियो । त्यसपछि पूर्णरूपमा सो उद्योग हटाउन दुई/तीन महिना लाग्ने भन्दै असोज मसान्तभित्र हटाइसक्ने रञ्जन निर्माण सेवाले वन समूहलाई पत्रमार्फत अनुरोध गरेको थियो ।

हामीले अहिलेसम्म व्यावहारिक रूपमा लचकता अपनाउँदै आए पनि साउन महिना लाग्दासमेत प्लान्ट बन्द हुने सङ्केत देखा नपरेको आदर्श सदाबहार सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामप्रसाद पाण्डे र उपाध्यक्ष रामकुमार श्रेष्ठले बताए । "हामीले बारम्बार उद्योग बन्द गर्न भन्दा पनि अटेर गरिरहेको छ । अब बन्द गराउन वन समूहले निजगढ सबडिभिजन वन कार्यालयलाई पत्राचार गरिसकेको छ," वन समूहका अध्यक्ष पाण्डेले भने ।

डिभिजन वन कार्यालय, बाराले वन क्षेत्रभित्र कुनै पनि उद्योग सञ्चालन गर्न वन कार्यालयको स्वीकृतविना सञ्चालन गर्न नपाइने भन्दै चाँडोभन्दा चाँडो हटाउन वन समूहलाई कडा निर्देशन दिएको जनाएको छ ।

# शव नभेटिएपछि पटेल र सुजीतको कुशको शव बनाएर दाहसंस्कार



ताराचन्द पटेल र उनकी पत्नी कुसमी देवीको कुशको शव । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २ साउन/

चितवनको सिमलताल दुर्घटनामा परेर त्रिशूलीमा बेपत्ता भएका बारा, प्रसौनी गाउँपालिका-१ नकटुवाका ४८ वर्षीय ताराचन्द पटेल र उनकी पत्नी ४३ वर्षीया कुसमी देवीको अवस्था छ दिन बित्न लाग्दा पनि पत्ता नलागेपछि बुधवार उनका परिवारजनले कुशको शव बनाएर अन्तिम संस्कार गरेका छन् ।

बुधवार बिहान परिवारजनले हिन्दू रीतिरिवाज अनुसार दुवैजनाको छुट्टाछुट्टै कुशको शव बनाएर त्रिवेणी नदीस्थित चटियाबाबा घाटमा अन्तिम संस्कार गरेका थिए । ताराचन्दका जेठा छोरा मदन पटेलले बुबाआमा दुवैको शवमा दागबत्ती दिएका दिएर १३ दिने किरियामा बसेका छन् ।

ताराचन्दका भाइ रमेश पटेलले दाजुभाउजूको अवस्था पत्ता नलागेपछि कुशको शव बनाएर अन्तिम संस्कार गरिएको बताए । दाजु ताराचन्द काठमाडौंको अस्पतालमा भर्ना रहेका ज्वाइँका भाइलाई भेट्नका लागि भाउजूसँग बिहीवार राति वीरगंजबाट बाग्मती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स बस चढेर काठमाडौं जाँदै गर्दा दुर्घटनामा परेका थिए ।

यसैबीच, प्रसौनी गाउँपालिकाका अध्यक्ष विनोदप्रसाद जयसवालले दुर्घटनामा परेका ताराचन्द र कुसमी देवीको परिवारलाई राहतस्वरूप एक लाख रुपियाँ दिने घोषणा गरेका छन् । बुधवार दाहसंकारमा सहभागी भएका अध्यक्ष जयसवालले पटेल परिवारलाई गापातर्फबाट राहतस्वरूप एक लाख दिने घोषणा गरेका हुन् ।

यसैगरी, वीरगंज कलेजले विद्यार्थी सुजीत कुमारको श्रद्धाञ्जलिसभा गरेको छ । बहुदरमाई नगरपालिकाको रामनगरी निवासी सुजीत कुमार सिमलतालको पहिरोले बगाएको बसमा रहेका र त्रिशूली नदीमा बेपत्ता भएका थिए ।



सुजीत कुमार

उनको हालसम्म अवस्था अज्ञात भएपछि हिजो मङ्गलवार परिवारजनले दाहसंस्कार गरेको थियो । त्यसपछि वीरगंज कलेजले बुधवार श्रद्धाञ्जलिसभाको आयोजना गरेको हो ।

वीरगंज कलेजबाट कक्षा १२ को परीक्षा दिएर बसेका उनी प्रहरी सहायक निरीक्षकको दोस्रो पत्रको परीक्षाका लागि एन्जल डिलक्स बसमा चढेर काठमाडौं जाने क्रममा सिमलतालको पहिरोमा परेर त्रिशूली नदीमा बेपत्ता भएका हुन् ।

कलेज सञ्चालक समितिका अध्यक्ष डा दीपेन्द्रकुमार चौधरीले सुजीतको फोटोमा श्रद्धाञ्जलि अर्पण गर्दै यस्तो दुःखद घटनाबाट कलेज परिवार स्तब्ध भएको बताए । क्याम्पस प्रमुख विनोद गुप्ताले कलेजले एक अनुशासित र असल विद्यार्थी गुमाएको बताए । श्रद्धाञ्जलिसभामा कलेजका शिक्षक, विद्यार्थीलगायतको सहभागिता थियो । यसैगरी, आज साँझ सुजीतको सम्झनामा घण्टाघरमा दीप प्रज्वलन गरिएको कलेजका प्रशासन प्रमुख सरोज चौधरीले बताए ।

# त्रिशूलीमा बेपत्ता भएका परिवारसँग नगरप्रमुख सिंहद्वारा भेटघाट



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २ साउन/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले त्रिशूली नदीमा बेपत्ता भएका तीनजना व्यक्तिको परिवारसँग भेटघाट गरेका छन् ।

बुधवार बिहान नगरप्रमुख सिंहले वीरगंज महानगरपालिका-१६ नगवाका जवाहिर महतोका परिवार, बारा घर भई नगवामा बसोबास गर्दै आएका अरविन्द पडितका परिवार र नगवाकै नयाँबस्तीका हरेन्द्र पडितका परिवारसँग भेटघाट गरेका हुन् ।

जवाहिरका बुबा भगवान महतोसँग भेटघाट गर्दै नगरप्रमुख सिंहले जवाहिरका छोराछोरीको अध्ययनको सम्पूर्ण जिम्मेवारी महानगरपालिकाले लिने बताएका छन् । उनले पीडित परिवारको जीविकोपार्जनका लागि आवश्यक व्यवस्था मिलाउन महानगर तयार रहेको बताए ।

यस्तै, अरविन्द पडितका परिवारसँग भेट गर्दै नगरप्रमुख सिंहले सहयोगको आश्वासन दिएका छन् । अरविन्द शिक्षण अस्पताल काठमाडौंबाट बिएससी नर्सिङ पूरा गरी सेवा अवधिका लागि पत्र बुझ्न जाँदा दुर्घटनामा परेका थिए ।

त्यसैगरी, नगवा नयाँबस्तीका हरेन्द्र पडितको परिवारसँग नगरप्रमुख सिंहले भेटघाट गरेका छन् । काठमाडौंको फर्निचर उद्योगमा काम गर्दै आएका हरेन्द्र एन्जल बसबाट काठमाडौं जाने क्रममा दुर्घटनामा परेका थिए ।

**विचारसार एवं सूक्तिहरू**

**मानिसको स्वभाव सूर्यजस्तो हुनुपर्छ। न उदाउँदा घमण्ड, न अस्ताउँदा अत्यास ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# प्रधानमन्त्रीको लाचारी

**मङ्गलवार प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित एक कार्यक्रममा नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीले मनसुनका कारण मुलुकका केही स्थानमा बाढीपहिरोबाट सडक, पुल भत्केका र जनधनको क्षति भएको वास्तविकता सुनाउँदै देशको भौगोलिक स्थितिले पनि यस्ता विपद्बाट जोगिन कठिनाइ भएको बताए । दैवी विपत्तिबाट विश्वमा कुनै पनि देश अछूतो छैन। अविकसित देशदेखि अति विकसित देशमा पनि दैवी विपत्ति आइ नै रहन्छ । आफूलाई अति शक्तिशाली ठान्ने मुलुक अमेरिका पनि दैवी विपत्तिको अगाडि नतमस्तक हुन्छ। अमेरिकाले दैवी विपत्ति रोक्न सक्ने प्रविधिको विकास गर्न सकेको छैन। र यसलाई रोक्नु सक्ने क्षमता कुनै पनि देशको बुताभन्दा बाहिरको कुरा हो। दैवी विपत्तिलाई त रोक्न सकिंदैन तर त्यसबाट हुने क्षतिलाई भने अति न्यूनीकरण भने गर्न सकिन्छ। दैवी विपत्ति त प्रकृतिको कहर भइगयो । मानिसद्वारा सृजित दुर्घटनाको रोकथाम सम्भव नभए पनि दुर्घटना न्यूनीकरण र त्यसबाट हुने क्षतिलाई एकदमै सामान्य बनाउन सकिन्छ ।**

**हाम्रो प्रधानमन्त्रीले दैवी विपत्तिलाई देशको भौगोलिक अवस्थालाई जिम्मेवारी ठह्याएर त्यसबाट हुने जनधनको क्षतिप्रति लाचारी प्रकट गरे । हाम्रो देशमा मानव सृजित दुर्घटनामा त लाचारी प्रकट गरिन्छ भने दैवी विपत्तिमा हुने क्षति न्यूनीकरण त कल्पनाभन्दा बाहिरको कुरा भइगयो । बाढीपहिरो, भूकम्प जस्ता दैवी विपत्ति रोक्न नसके पनि जनताप्रति जिम्मेवार सरकारले क्षति न्यूनीकरणमा तदारूकता देखाएको हुन्छ। भूकम्प कहिले आउँछ पूर्वानुमान गर्न नसकिए पनि आइसकेपछि पूर्वतयारीको आधारमा द्रुतगतिमा उद्धार गर्दा मानवीय क्षति न्यूनीकरण गर्न सकिन्छ। बाढीपहिरो त हाम्रो देशमा प्रत्येक वर्षायाम आउँछ नै। देशका कुन कुन सडकखण्ड, ठाउँ आदिमा बाढीपहिरो आउँछ भनी पहिले नै आकलन गर्न सकिन्छ। सरकारको सरोकारवाला निकायले पूर्वतयारी नगर्दा जनधनको क्षति हुन पुग्छ। तराईमा हरेक वर्ष बाढी आउँछ, पूर्वतयारीमा नदीमा तटबन्ध निर्माण गरी बाढीलाई मानवबस्तीमा पस्न रोक्न सकिन्छ। बाढी पसे पनि मानवलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी मानवीय क्षति न्यूनीकरण गर्न सकिन्छ। नारायणघाट–मुग्लिन सडकखण्डमा हरेक वर्ष पहिरो खस्छ भन्ने सरोकारवालालाई थाहा भएकै कुरा हो। सो सडकखण्डको अनुगमन गरी सम्भावित पहिरो जाने ठाउँको पहिचान गरेर सावधानी अपनाइ क्षति न्यूनीकरण गर्न सकिन्छ। लाख सावधानी अपनाएर पनि दुर्घटना हुन्छ भने त्यसपछिको उद्धार कार्यमा तदारूकता देखाइ मानवीय क्षति कम गर्न सकिन्छ र गर्न नसके पनि परिवारलाई समयमैं आफन्तको शव जिम्मा लगाउन सकिन्छ। असार २९ गतेको पहिरोमा परी दुईवटा बससहित बेपत्ता भएका ६५ जनाको शव पूर्वतयारीको अभावमा चार दिन बित्दासम्म १९ जनाको शव मात्र फेला परेको छ ।**

**हाम्रो देशमा सडकको खराब अवस्थाका कारण बर्सेनि हजारौं मानिसको अकालमा मृत्यु हुन्छ। नदीमा पुल नबन्दा मानिसको मृत्यु हुन्छ। समयमा उपचार नपाउँदा मानिसको [redacted] अभावमा मानिसको मृत्यु [redacted] उद्धार कार्यको अभावमा [redacted] मृत्युलाई त हाम्रा प्रधानमन्त्रीले [redacted] मृत्युलाई नै रोक्न सक्दैनन् भने [redacted] क्षतिमा त उनले देशको भौगोलिक [redacted] उम्कन सकिहाल्छन् ।**

# मूल्यसित सामान्य किसानको उल्टो नाता

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**बजारमा पाइने कृषि उपजको मूल्यसित सर्वसाधारण किसानको उल्टो नाता स्थापित हुन पुगेको देखिन्छ। जुन वस्तु आफूलाई चाहिन्छ त्यसको मूल्य बढी हुन्छ र जुन वस्तुको उत्पादन आफूले गरेका हुन्छन् त्यसको मूल्य बजारमा कम हुन्छ। अनि किसान कसरी समृद्ध बन्छ ?**

जबसम्म कृषिको व्यवसायीकरण र विविधीकरण हुँदैन तबसम्म कृषक र कृषिको मूल्यको सम्बन्ध खासै सकारात्मक रहँदैन। अहिलेको समयमा तरकारीको मूल्यले आकाश छोएको छ। हरियो तरकारीको उत्पादन गर्ने पनि किसान नै हुन् तर साधारण किसानले भने खासै नाफा कमाउन सकेका छैनन्। कृषिमा अहिले आम्दानी छैन भन्ने होइन, तर उत्पादनले सबैभन्दा बढी मूल्य पाउने बेला सामान्य कृषकसित बेच्नको लागि उपज नै हुँदैन । जब कृषकले आफ्नो उत्पादन बेच्नुपर्ने हुन्छ तब बजारमा फालाफाल हुन्छ, अर्थात् बजारको शब्दमा भन्ने हो भने मूल्य निर्धारणमा उपभोक्ताकै पक्ष हावी हुन्छ ।

अहिलेसम्मको प्रवृत्ति के छ भने एउटा किसानले जुन बालीको उत्पादनमा बढी नाफा कमाएको देखिन्छ, सोही वस्तुको उत्पादनमा सबैको ध्यान जान्छ। अरू किसानको देखासिकी एउटा गाउँबाट अर्को गाउँ पुग्छ बालीको उत्पादन। अनि त्यो उत्पादन यति सस्तो हुन जान्छ कि कसैले वाह भन्ने खालको फाइदा पाउँदैन। करीब पाँच वर्षदेखि आँपको मूल्यमा कुनै वृद्धि भएको छैन । हरेक वर्ष आँपको उत्पादन राम्रो भइरहेको छ र आँप सस्तो भइरहेको छ। आँपको उत्पादन धेरै हुनुको पछाडि अहिले धेरै मानिस आँपखेतीमा लागेका छन् ।

हुनत आँपको बोटले फल दिन्छ र बूढो भएपछि काठ दिन्छ। सधैं फल्ने र काठ पनि महँगोमा बिक्री हुने फलको रूपमा आँपलाई लिइन्छ । आँपजस्तै कटहर पनि हो । आँप पाक्न थालेपछि किसानलाई बढीमा दश दिनको समय हुन्छ तर कटहर बेच्न किसानसित करीब डेढ महीनाको समय हुन्छ । किसानले डेढ महीनामा आफ्नो उत्पादन अनुकूल समय र मूल्यमा बेच्न सक्ने देखिन्छ तर यता धेरैको ध्यान गएको देखिन्न। जबकि आँपको तुलनामा काठ, फल र मूल्य सबैमा कटहर महँगो छ ।

व्यावसायिक फलफूल खेतीमा भनिन्छ, सबैभन्दा सजिलो र सस्तो लिची खेती हो । निकै कम समयमा सबै किसिमको खेतीभन्दा बढी आम्दानी हुने किसानहरू बताउँछन् । यस्तै बेमौसमी तरकारी खेती पनि किसानको लागि निकै लाभदायक मानिन्छ। हुनत आजभोलि कुनै पनि खेतीलाई बेमौसमी भन्न छाडिएको छ । बेमौसमीभन्दा पनि व्यावसायिक भन्न बढी रुचाइन्छ। जुन मौसममा जुन तरकारी उपभोक्तालाई बढी मन पर्छ तर बजारमा अभाव हुन्छ, त्यस मौसमको लागि तरकारीको उत्पादन गर्नु राम्रो मान्न थालिएको छ । र, किसानलाई फाइदाको दृष्टिकोणले विचार गर्ने हो भने फाइदा दिने बाली लगाउनु नै उपयुक्त हुन्छ ।

परम्परागत खेतीले किसानलाई खासै फाइदा हुन सकेको छैन। धानखेती गर्ने बेला सबै धान खेती गर्छन् र तरकारी खेती गर्ने बेलामा पनि यही प्रवृत्ति हुन्छ। अनि उत्पादन एकैपटक हुन्छ, एकै किसिमको हुन्छ। यस वर्ष मकैको उत्पादन धेरै भयो। तुलनात्मकरूपमा मकै खेती धेरै हुँदा विगतका वर्षहरूको तुलनामा भाउ कम थियो। भाउ कम हुँदा किसानलाई आम्दानी कम हुन्छ। बेमौसमी त होइन, तर धेरैले गर्ने गरेको भन्दा केही कम खेती गरिने बालीमा मुङ तथा तिलको खेती हो। यसमा राम्रो आम्दानी हुन्छ।

अब दुईवटा प्रश्नमा बढी ध्यान दिनुपर्छ । यसका लागि कृषकहरूलाई विभिन्न नाममा तालीम दिने सङ्घसंस्थाहरूले पनि ध्यान दिनु उचित छ । किसानले सबैभन्दा सस्तो कुन उत्पादन बेच्नुपरिरहेको छ र जतिबेला भर्खरै उत्पादन भएको वस्तु सबैभन्दा सस्तो हुन्छ भने ती वस्तुमध्ये कुन महँगो छ ? किसानलाई सम्भव भएसम्म उचित मूल्य पाउने वस्तु उत्पादनमा प्रोत्साहन दिनुपर्छ। किसानलाई समृद्ध बनाउन यो आवश्यक छ। किसानको समृद्धिले पनि देशमा समृद्धि आउन सक्छ। वर्तमान अवस्थासम्म हाम्रो देशमा सबैभन्दा बढी मानिस यसै पेशामा आबद्ध छन् ।

हाम्रो देशमा सबैभन्दा बढी कुन कृषिजन्य वस्तुको आयात भइरहेको छ ? यस कुराको निक्योल गरेर यदि धेरै वस्तु आइरहेका छन् भने तीमध्ये कुन–कुन वस्तुको उत्पादन हामीकहाँ सम्भव छ ? तत्काल उत्पादन गर्न सकिने र किसानको हातमा पैसा पुऱ्याउन सकिने वस्तु के–के हुन् ? यद्यपि विगतमा केही तीतो अनुभव पनि छ, किसानसित । पहिले दूध र दूधजन्य पदार्थको आयात धेरै थियो तर केही समयपछि सडकमैं दूध पोख्नुपर्ने अवस्था आयो। अहिलेसम्म पनि कतिपय जिल्लाको दूधको पैसा किसानले पाएका छैनन्। उत्पादन बिक्री नभएर खेर जाने अवस्थाले देश र किसान दुवैलाई घाटा हुन्छ ।

मिल्क होलिडे पनि नभएको होइन। यसैगरी केही दिनसम्म समाचारमा प्राथमिकतापूर्वक आइरहेको थियो कि पूर्वमा धान बिक्री नभएर किसानले घरमैं थन्क्याएर राखेका छन्। जहाँ विदेशबाट धान र चामल आइरहेको छ, त्यहाँ धानको बिक्री नहुनु खल्लो समाचार हो। हो, यो पनि विश्लेषण गरिएको छ कि हाम्रो देशले मसिनो खान सिकेको छ र उत्पादन गर्न चाहिं मोटो हुन्छ। यो धान र चामलको कुरो हो । यसमा पनि सन्तुलन ल्याउन सम्बन्धित निकाय वा संस्थाले पहल गर्नु जरुरी छ। किसान र देश दुवैलाई घाटा हुने उत्पादनलाई यदि सन्तुलनमा ल्याउन सकियो भने किसान र देश दुवैलाई फाइदा हुन्छ ।

कृषि सीमित पेशा होइन तर हाम्रो कृषि भने निकै सीमित हुन पुगेको छ। हुनत कृषि बजार उपभोक्ताको रुचिमा पनि निर्भर छ, नत्र माछा र अन्डा पनि सडकमा खन्याएको नदेखिनुपर्ने हो । टमाटर सडकमैं फालेर विरोध जनाउनु नपर्ने हो। फेरि कुनै समय यी वस्तुको माग बजार वा उत्पादनले धान्न नसक्ने अवस्था भई बाहिरबाट ल्याउनुपर्ने पनि नभएको होइन । यसरी बजारको माग अस्थिर हुनुमा उपभोक्ता र उपभोगको अस्थिर प्रवृत्ति पनि हो। उत्पादनले यस कुरालाई खासै बुझ्न नसकेको अवस्थामा कुनै बेला फाल्नुपर्ने र कुन बेला निकै महँगोमा किनेर ल्याउनुपर्ने स्थिति सिर्जना भइरहेको देखिन्छ ।

एउटा उदाहरण हेरौं। अहिले साउन शुरू भइसकेको छ। साउन महीनाभर मानिस शाकाहारी हुन्छन्। अन्य महीनामा शाकाहार भोजन नगर्ने तर साउन महीनाभरि शाकाहार भोजन गर्नेहरूको सङ्ख्या बढ्दा होटल, मासु तथा माछा व्यवसायमा असर पर्छ। एकैपटक यति धेरै मानिस शाकाहारी बन्छन् कि मांसाहार र शाकाहार दुवै भोजन र कतिपय अवस्थामा व्यवसायमा प्रभाव पर्न जान्छ। हो, कतिपय मानिस मितिले शाकाहार बन्दछन् भने कतिपय तिथिले। कतिपय चाहिं जुनले पहिले साउन शुरू हुन्छ र जुनले पछि साउन समाप्त हुन्छ, त्यति दिनसम्म शाकाहारी हुन्छन्। साउने शाकाहार प्रवृत्ति बढेको देखिएको छ ।

किसानहरूले पनि कृषिजन्य पदार्थ बजारबाट किन्नुपर्छ । सबै उपभोग्य वस्तुको उत्पादन किसान आफैंले गर्दैन। हामीकहाँ सबैभन्दा बढी उपभोग हुने आलु र प्याज अपेक्षितरूपमा उत्पादन हुँदैन। आलुविना कुनै पनि भान्सा अपूरो हुन्छ। अनि आलुको उत्पादन सन्तोषजनक छैन। किसानहरू पनि आलु उत्पादनमा खासै रुचि लिंदैनन्। आलु र प्याजमा किसानको पैसा पनि गइरहेको छ । तर यतातिर किन किसानहरू आकर्षित हुन सकेका छैनन् ? वा हाम्रो उत्पादन किन आयातमुखी मात्रै रहने गरेको छ ? किसानहरूले गम्भीरतापूर्वक ध्यान जानु अत्यन्त आवश्यक छ ।

बजारमा पाइने कृषि उपजको मूल्यसित सर्वसाधारण किसानको उल्टो नाता स्थापित हुन पुगेको देखिन्छ। जुन वस्तु आफूलाई चाहिन्छ त्यसको मूल्य बढी हुन्छ र जुन वस्तुको उत्पादन आफूले गरेका हुन्छन् त्यसको मूल्य बजारमा कम हुन्छ। किसानको हातबाट पैसा बढी जान्छ वस्तु भने कम आउँछ । अनि किसान कसरी समृद्ध बन्न सक्छ ? किसानको हातमा पैसा अडिनेगरी उत्पादनसित सम्बन्ध गाँस्न लगाउनुपर्छ । अब किसानलाई पनि व्यावसायिक बनाउनु परेको छ। उपभोक्ताको माग अनुसार उत्पादनमा अभ्यस्त बनाउनुपरेको छ। सामान्य किसानको हातमा नगद आउने वातावरण बनाउनतिर सबै पक्षको ध्यान जानु जरुरी छ।

# तीन टिकट महाविकट रे

**मन्तव्य**



कुमार रुपाखेती

**सत्ताविहीन हुँदा मणि हराएको सर्प बनेको काङ्ग्रेसमा एमालेसँगको साँठगाँठपछि अहिले हरियाली छाएको छ। इतिहास साक्षी छ, ज्ञानेन्द्रकालमा समेत प्रतिगमन आधा सच्चियो भन्दै देउवा र एमालेहरू ज्ञानेन्द्र सरकारको खसमखास बन्दै सरकारमा सहभागी भएका थिए।**

भगवान् चाहता है तो छप्पड फाडके देता है। पर्सा जिल्लामा एक बथान मन्त्री बनेपछि यस्तै लाग्न थालेको छ। ओलीले अहिले पर्साबाट तीन विभिन्न दलका तीनजना प्रदीप यादव, अजयकुमार चौरसिया र राजकुमार गुप्तालाई मन्त्री पदले सुशोभित गरेका छन्। उखानले त तीन टिकट महाविकट भन्छ । यसरी पर्साले होलसेलमा बर्गेल्ती मन्त्री पाएको पहिलोपटक हो। यस अघि पनि ओलीले पर्सालाई प्राथमिकतामा राख्दै लक्ष्मणलाल कर्ण र विमल श्रीवास्तवलाई दिनगन्तीको मन्त्री बनाए पनि अदालतले बर्खास्त गरेको थियो। त्यतिखेर ओलीमाथि प्रतिगमनकारीको ठप्पा लगाएको थियो, नेपाली काङ्ग्रेसले।

काङ्ग्रेसलाई आफैं बोक्सी आफैं झाँक्रीसमेत भनिन्छ । सत्तामा उचित अंशबन्डा पाएकाले काङ्ग्रेसले ओलीमा अचेल प्रतिगमनको सट्टा अग्रगमन देख्न थालेको छ । सत्ताविहीन हुँदा मणि हराएको सर्प बनेको काङ्ग्रेसमा एमालेसँगको साँठगाँठपछि अहिले हरियाली छाएको छ। इतिहास साक्षी छ, ज्ञानेन्द्रकालमा समेत प्रतिगमन आधा सच्चियो भन्दै देउवा र एमालेहरू ज्ञानेन्द्र सरकारको खसमखास बन्दै सरकारमा सहभागी भएका थिए । मोहन शम्शेर जस्तालाई प्रधानमन्त्री मानेर २००७ सालमा सत्तामा जागीर खाने पनि काङ्ग्रेस नै हो । नेपालमा अहिले बरु सरकारी जागीर पाउन गाऱ्हो छ, सरकारी जागीर महँगो छ तर मन्त्री पद सस्तो भएको छ रे। वाइहात ।

भन्नेहरू भन्छन् पर्सामा अब स्थानीय प्रशासनले स्वतन्त्ररूपमा होइन दबाबमा काम गर्ने बाध्यता सिर्जना हुन्छ रे । किनकि तीन टिकट महाविकट सरकारमा छन्। पर्सा जिल्लामा त्यसै पनि टेटाकचेला, झगडा टन्टा, सीमा क्षेत्रको संवेदनशीलता र तस्करी स्थानीय प्रशासनको टाउको दुखाइ थियो भने अब झन् भटमास खाएकी बुहारी... झैं तीन मन्त्रीजीहरू थपिएपछि सुनमा सुहागा भैहाल्यो नि ।

'चट मगनी पट ब्याहा' स्तरमा भएको काङ्ग्रेस र एमालेको लगनगाँठो कति कसिलो छ भन्ने त सबैलाई थाहै छ, तर सत्ता गठबन्धनको आडमा यिनले भित्रीरूपमा गदहालाई धोएर गाई बनाउन मात्र सीमित हुने निश्चित छ । परराष्ट्रमन्त्री बनेकोमा देउवा भाउजूमा मेरो दामसहितको दर्शन ढोग छ। विगतमा दरबारिया खलकको भन्न रुचाउने बिचरी काङ्ग्रेसी भाउजू अचेल अब्बल दर्जाकी गणतन्त्रवादी भएकीमा हामीजस्तालाई गर्व लाग्नु स्वाभाविकै हो । ओलीलाई मेरो एउटा अहम् प्रश्न छ– प्रधानमन्त्री महोदय, काङ्ग्रेसलाई त्याग्ने म्याद कहिले गुजरिने पुग्ने ? अनि वाम एकताको माइक बजाउँदै प्रचण्ड, माधव नेपालसित कहिले लगनगाँठोको साइत जोर्ने हो ?

अस्थायी गठबन्धन सरकारको जय जय जय। प्रचण्डलाई त्यागी देउवालाई गले लगाएका ओलीलाई एउटा पुरनिया एमालेले यस्तो भने– हाम्रा बा साऱ्है नै बाठा छन्, चामल दिएर पीठो किनेछन्।

# सिमलताल पहिरो: मृतकका परिवारलाई एक लाख दिइने

महेन्द्रनगर (धनुषा), २ साउन/रासस

मधेस प्रदेश सरकारले गत असार २८ गते त्रिशूली नदीमा बस दुर्घटनामा परेका मधेस प्रदेशका मृतकका परिवारलाई रु एक लाखका दरले राहत दिने भएको छ।

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले मधेस प्रदेशका जिल्लाका मृतकका पीडित परिवारलाई प्रतिव्यक्ति रु एक लाखका दरले राहत उपलब्ध गराउने बताए। "दुर्घटनामा परी ज्यान गुमाउनेका पीडित परिवारलाई राहत दिने घोषणा गरेका छौं," मुख्यमन्त्री सिंहले भने, "मुख्यमन्त्री कार्यालयले घोषणा गरिसकेको छ।" मुख्यमन्त्री सिंहले प्रमुख जिल्ला अधिकारीको सिफारिशका आधारमा सो राहत रकम प्रदान गर्ने बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# विधिको शासनलाई लागू गर्नु प्रहरीको पहिलो काम -गृहमन्त्री लेखक


काठमाडौं, २ साउन/रासस

गृहमन्त्री रमेश लेखकले विधिको शासनलाई लागू गर्नु प्रहरीको पहिलो काम भएको बताएका छन् । प्रहरी प्रधान कार्यालयको स्थलगत अनुगमनपछि उनले संविधान र कानूनमा लेखेको कुरा आफैं कार्यान्वयन हुँदैन भने ।

“संविधानमा धेरै मौलिक हकका कुरा गरेका छौं, राज्य र नागरिकका सम्बन्धका कुरा गरेका छौं,” गृहमन्त्री लेखकले भने, “ती आफैं परिचालित र क्रियाशील हुने होइनन् ।” उनले लोकतन्त्रको आधारभूत मान्यता भनेको विधिको शासन भएको बताए। “लोकतन्त्र कुनै अमूर्त विषय होइन,” उनले भने, “नेताहरूले भाषण गर्ने र नागरिकले भाषण सुन्ने विषय मात्रै पनि होइन, लोकतन्त्रको आधारभूत मान्यता हुन्छन्, विधिको शासन पनि एउटा मान्यता हो।” उनले निष्पक्षता, पारदर्शिता र व्यावसायिकतामा कमी हुन नदिन निर्देशनसमेत दिए ।

“उच्च मनोबलका साथ काम गर्नुहोला, प्रहरीको मनोबल उच्च राख्नको लागि र मनोबल उच्च रहिरहनका लागि प्रेरणादायी काम गर्न मन्त्रालयले पहल गर्नेछ,” गृहमन्त्री लेखकले भने, “हामी त्यसमा प्रतिबद्ध छौं ।” गृह प्रशासन आफ्नालागि नयाँ अनुभव भएपनि संसद्मा कानून र संविधान निर्माणको क्षेत्रमा काम गर्ने अवसर लामो समयदेखि पाएको उनको भनाइ थियो ।

“नेपाल प्रहरी इतिहास बोकेको गर्व




गर्न लायक संस्था हो ।” उनले भने, “कानूनी व्यवस्था कायम गर्ने, अपराध नियन्त्रण गर्ने सवालका साथै मुलुक र समाजलाई न्यान दिने सवालमा प्रहरीको अहम् भूमिका रहेको छ ।” सीमित स्रोतसाधन र जनशक्तिका बीच प्रहरीले काम गरिरहेको जनाउँदै गृहमन्त्री लेखकले भने, “प्रहरी सङ्गठन थप सुदृढ र क्रियाशील बनाउन प्रहरी ऐन संशोधन आवश्यक छ ।”

उनले प्रहरीसम्बन्धी सबै कानून समयसामयिकरूपमा पुनरावलोकन र संशोधन गर्न प्रहरी ऐन २०१२ लाई संसद्मा पुऱ्याउने गतिमा अघि बढ्नेमा जोड दिए। कानूनबमोजिम काम गर्नुका साथै प्रहरीमा कुनै प्रकारको अवाञ्छित दबाब र प्रहरी संस्थाको दुरुपयोग गर्न नहुने उनको भनाइ छ। “मानिसले बिरामी परे चिकित्सक र विपत्त परे प्रहरीलाई सम्झिने गरेको छ,” उनले भने, “त्यस कारण प्रहरी समाजको चिकित्सक पनि हो, किनभने दुःख, पीडा र अप्ठ्यारोमा परेको मानिसले तपाईंहरूलाई सम्झिन्छ ।” सो अवसरमा गृहसचिव एकनारायण अर्याल र प्रहरी महानिरीक्षक वसन्तबहादुर कुवँरको सहभागिता थियो । मन्त्री लेखकले प्रहरी प्रधान कार्यालयमा रहेको अमर शहीद प्रहरीको सालिकमा माल्यार्पण गर्नुका साथै विभिन्न विभागको अनुगमन गरेका थिए ।

# ‘सडक आश्रित मानवमुक्त राष्ट्रनिर्माणमा सरकार प्रतिबद्ध’

काठमाडौं, २ साउन/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले २०८२ सम्ममा नेपाललाई सडक मानवमुक्त बनाउने अभियानलाई सफल गराउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा मानवसेवा आश्रमका प्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री ओलीले वर्तमान सरकार गठन भएलगत्तै बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले २०८२ असार मसान्तसम्म सडक बालबालिकामुक्त गराउने निर्णय गरेको जानकारी दिए ।

प्रधानमन्त्रीले विभिन्न कारण सडक आश्रित हुन पुगेका सहयोगापेक्षी सडक आश्रित मानवमुक्त गराउने अभियानमा सरकार साथमा रहेको र यसका लागि आवश्यक सहयोग रहनेछ भने । सो अवसरमा घरपरिवार र आफन्तविहीन भई खुला आकाशमुनि कष्टपूर्ण जीवनयापन गर्न बाध्य, आफ्नोलागि आफैं केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालनपोषण गरिदिनेसमेत कोही नभई सडक आश्रित हुन पुगेका सहयोगापेक्षी सडक आश्रित मानवहरूको उचित संरक्षण र पालनपोषण गर्दै आइरहेको मानवसेवा आश्रमका तर्फबाट प्रधानमन्त्री ओलीलाई बधाई ज्ञापनपत्रसमेत गरिएको थियो ।

भेटमा आश्रमका प्रमुख संस्थापक एवं केन्द्रीय अध्यक्ष रामजी अधिकारीले नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत नीति तथा कार्यक्रममा २०८२



सम्ममा नेपाललाई सडक मानवमुक्त बनाइनेछ भन्ने सङ्कल्पलाई साकार पार्न मानवसेवा आश्रम सरकारको सहयोगी भई यस अभियानलाई सफल बनाउन प्रतिबद्ध रहेको बताए ।

यसैबीच, मानवसेवा आश्रमकी संरक्षक राधिका शाक्यले श्रावण सङ्क्रान्तिका अवसरमा मानवसेवा आश्रममा आश्रित आमाबुबाहरूका लागि हिजो साँझ विशेष भोजन सेवा प्रदान गरेकी थिइन् ।

मानवसेवा आश्रमले २०८२ सालभित्र सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माणको लक्ष्यसहित २०६९ सालदेखि देशव्यापीरूपमा सडकपेटी र सार्वजनिकस्थलहरूमा कष्टपूर्ण जीवन बिताउन विवश अनाथ, अपाङ्ग, अशक्त, असहाय, शारीरिक तथा मानसिकरूपमा अति कमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण एवं पारिवारिक पुनर्मिलनको सेवा दिंदै आएको छ। हाल देशभर सात प्रदेशका १९ जिल्लामा २४ वटा सेवा केन्द्रबाट आश्रमले ७७ जिल्लाबाट सहयोगापेक्षी सडक आश्रित मानवको उद्धार गर्दै आइरहेको छ । आजसम्म एक हजार सात सय बेसहारा सडक मानवको प्रत्यक्ष संरक्षण गर्दै आइरहेको यस आश्रमले १० हजारभन्दा बढीको उद्धार गर्नाका साथै चार हजारभन्दा बढीको सफल पारिवारिक पुनर्मिलन गराइसकेको जनाएको छ ।



**तुलसी रोप्दैः** हरिशयनी एकादशीका अवसरमा बुधवार तनहुँको देवघाट गाउँपालिका–५ स्थित महेश संस्कृत गुरुकुलका विद्यार्थी तुलसीको बिरुवा रोप्दै । तस्बिरः कृष्ण न्यौपाने/रासस

# निर्माण व्यवसायीको भुक्तानी रोकिंदैन -अर्थमन्त्री पौडेल

काठमाडौं, २ साउन/रासस


उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने भुक्तानी नपाएको भन्ने गुनासो चाँडै सम्बोधन हुने जानकारी दिए। नेपाल उद्योग वाणिज्य महासङ्घका पदाधिकारीसँग बुधवार अर्थ मन्त्रालयमा सम्पन्न भेटघाटमा उनले निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानी नरोकिने बताएका हुन् । “निमाण व्यवसायीले भुक्तानी पाएनन् भन्ने गुनासो अब धेरै दिन सुन्नुपर्दैन। राज्यका निकायले ठेक्का लगाएर काम सम्पन्न भएको छ भने जुनसुकै उपायबाट पनि त्यसको भुक्तानी हुन्छ । अब गुनासो गरिरहने अवस्था आउँदैन,” अर्थमन्त्री पौडेलले भने ।

उद्योगी र नेपाल विद्युत् प्राधिकरणबीच लामो समयदेखि चलिरहेको ‘डेडिकेटेड’ र ‘ट्रङ्कलाइन’को विद्युत् महसूल बक्यौता विवाद पनि कानून अनुसार सुल्झाइने आश्वासन उनले दिए। “डेडिकेटेड र ट्रङ्कलाइन विवाद कसरी समाधान गर्ने भनेर प्रधानमन्त्रीले नै सरकारको दृष्टिकोण राखिसक्नुभएको छ । यो विषयलाई त्रास र आतङ्कका रूपमा नलिनुस् । गैरकानूनी ढङ्गले सरकारले कुनै दायित्व सिर्जना गर्दैन,” अर्थमन्त्री पौडेलले भने, “यदि कसैले गैरकानूनीरूपले उद्योगीलाई दायित्व सिर्जना गर्न खोजेको छ भने त्यो कोशिश सफल हुँदैन । यो समस्या समाधान गर्नका लागि केही समय लाग्यो । अब तपाईंहरूको डेलिगेशन आइरहनुपर्ने अवस्था रहँदैन।”

सरकार निजी क्षेत्रको अभिभावकका रूपमा रहेकोले सबै गुनासा र समस्या सुन्न तथा यसको समाधान खोज्न तयार रहेको उनको भनाइ छ । “सरकार अभिभावकको रूपमा रहेर निजी क्षेत्रको विश्वास र भरोसा टुट्न दिनेछैन। राज्यले संरक्षण दिन्छ भन्ने आत्मविश्वासका साथ राष्ट्रनिर्माणमा योगदान गर्नुस्,” अर्थमन्त्री पौडेलले भने, “तपाईंहरूले आफूलाई निरीह, कमजोर र असहाय नठान्नुहोला। समस्याको समाधान सँगै मिलेर एकै टेबुलमा बसेर खोज्ने हो । निजी क्षेत्रले खोजेको समाधान सरकारलाई मान्य हुने र सरकारको खोजेको समाधान निजी क्षेत्रलाई मान्य हुनेगरी खोजौं ।” विकास तथा समृद्धि यात्रामा सरकार र निजी क्षेत्र सहयात्री भएकाले कुनै एक पक्षले अर्को पक्षलाई बिर्सिएर जान नसकिने उनले स्पष्ट पारे ।

सरकारको सबैभन्दा ठूलो चुनौती आम सर्वसाधारण र निजी क्षेत्रको खस्किएको मनोबल उकास्नु रहेको अर्थमन्त्री पौडेलले बताए । “पछिल्लो दिनमा माग र आपूर्ति घटेको छ। राजस्व घटेको छ । पूँजीगत खर्च घटेको छ । सबैभन्दा ठूलो मुख्य चुनौती भनेको मान्छेको मनोबल घटेको छ,” उनले भने, “सबै समस्याको समाधान भेटिन्छ तर टुटेको मनोबलको समाधान भेटिन्न । यस कारण तपाईंहरू उच्च मनोबलका साथ काम गर्नुहोस्। सरकार तपाईंहरूसँगै छ।”

अहिले निजी क्षेत्र लगानी बढाउनेभन्दा पनि व्यवसाय कसरी




टिकाइराख्ने भन्ने चिन्ताबाट ग्रसित भएकोले त्यसलाई सहजीकरण गर्नका लागि सरकारका तर्फबाट गर्नुपर्ने नीतिगत, संरचनागत र व्यावहारिक सुधारमा आफू सधैं तयार रहेको उनले जानकारी दिए । “सरकारले निजी क्षेत्रलाई नीतिगतरूपमा सहजीकरण, सहयोग र सहकार्य गर्ने नीति लिन्छ । निजी क्षेत्रलाई काम गर्न अप्ठेरो भएका नीति सहजीकरणका लागि सरकार तयार छ। कुन नीतिमा सरकारले कस्तो सहयोग गर्नुपर्छ भनेर तपाईंहरूबाट सुझाव आओस्,” उनले भने ।

सरकारका नीतिमा अस्थिरता भएको भनेर निजी क्षेत्रले गुनासो गर्ने गरेको र कानून कार्यान्वयनका क्रममा अनावश्यक दुःख दिने गरेको भन्ने विषयलाई पनि सरकारले गम्भीररूपमा लिने अर्थमन्त्री पौडेलले स्पष्ट पारे । “सरकारले भूतप्रभावी कानून बनाउँदैन । हिजो गरेका कामलाई आज कानून बनाएर नियन्त्रण गर्ने दिशामा सरकार जाँदैन। निजी क्षेत्रलाई पहिले थुन्ने अनि सुन्ने भन्ने गरेको सुनिन्छ । सरकार त्यसो गर्दैन। यदि कानूनी प्रबन्धमैं समस्या छ भने त्यसलाई संशोधन गर्नेबारे छलफल गर्न सकिन्छ। कानूनमा समस्या छ भने सहज र लचिलो बनाउनेतर्फ सरकारले सोच्छ,” अर्थमन्त्री पौडेलको भनाइ थियो ।

लघुवित्त र सहकारी क्षेत्रका समस्या समाधानका लागि सार्थक पहल भइरहेको दाबी अर्थमन्त्री पौडेलले गरे । त्यस्तै, नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउँदा विद्यमान समस्या र अवस्थालाई सम्बोधन गर्नेगरी ल्याउने विश्वास पनि उनले व्यक्त गरे । उनले भने, “म कानूनको पालनामा विश्वास गर्छु । राष्ट्र बैंकले कस्तो मौद्रिक नीति ल्याउने भन्ने उसको अधिकार क्षेत्रभित्रको कुरा हो । तर जहाँसम्म मलाई लाग्छ, राष्ट्र बैंकले पनि निजी क्षेत्रको मनोबल घटाउने गरी काम गर्दैन ।”

**निजी क्षेत्रलाई थप उत्प्रेरित गर्न सरकारले नीतिगत निर्णय गर्नुपर्छ –अध्यक्ष ढकाल**

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रमा देखिएका विद्यमान समस्या समाधानका लागि निजी क्षेत्रको सहभागितासहितको उच्चस्तरीय संयन्त्र तयार पारिनुपर्ने बताए । अहिले सर्वसाधारणदेखि उद्योगी–व्यवसायीसम्म सबै क्षेत्रको मनोबल खस्किएको र समग्र अर्थतन्त्र नै शिथिल भएको अवस्थामा त्यसको निकासका लागि गम्भीर पहल आवश्यक छ भने ।

सरकारले तोकेको वरीयताक्रम (प्रोटोकल)मा उद्योगी, व्यवसायी तथा निजी क्षेत्रलाई पनि स्थान दिइनुपर्ने माग ढकालले राखे । उद्योगी–व्यवसायी उत्साहित भएर नयाँ लगानी थप्न सक्ने अवस्थामा नरहेको उनले बताए।

“पर्याप्त तरलता र न्यून ब्याजदर हुँदा पनि लगानी भएको छैन। उद्योगी–व्यवसायीले लिएको ऋणको साँवा ब्याज तिर्न सकेका छैनन् । नयाँ व्यवसायी बजारमा आउन सकेका छैनन्,” अध्यक्ष ढकालले भने, “अहिले देखिएका यस्ता अनेकौं समस्या समाधानको पहल गर्नका वित्तीय दायित्व नपर्ने गरी निजी क्षेत्रसहितको उच्चस्तरीय संयन्त्र बनाउन आवश्यक छ। निजी क्षेत्रलाई उत्प्रेरित गर्न सरकारले ठूलै नीतिगत निर्णय गर्नुपर्छ।”

अध्यक्ष ढकालले अवैध आयात बढेका कारण एकातर्फ सरकारी राजस्व गुमेको र अर्कोतर्फ व्यवसायीले पनि समस्या खेप्नुपरेको बताए। सो अवसरमा अर्थमन्त्री समक्ष महासङ्घले विकास आयोजनामा जग्गाप्राप्ति, पहुँचमार्ग, वातावरणीय प्रभाव मूल्याङ्कनलगायतका कामलाई छिटोछरितो बनाउन सरकारी निकायबाट सहजीकरण हुनुपर्ने माग राखे।

त्यस्तै, नियामकीय निकायको क्षेत्राधिकार स्पष्ट गरिनुपर्ने, निर्माण व्यवसायीले पाउनुपर्ने रकम चाँडै भुक्तानी गर्ने, डेडिकेटेड र ट्रङ्कलाइनको महसूल विवाद चाँडै सुल्झाइनुपर्ने, सहकारी र लघुवित्त क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरकार गम्भीर हुनुपर्ने लगायतका सुझाव निजी क्षेत्रले दिएको छ । आगामी आर्थिक वर्षको मौद्रिक नीति ल्याउँदा प्रणाली नबिग्रने गरी सहज र लचक व्यवस्था ल्याइनुपर्ने पनि निजी क्षेत्रको माग छ। चालू पूँजी कर्जासम्बन्धी मार्गदर्शन कार्यान्वयनलाई सहज बनाइनुपर्ने, पूँजीकोष व्यवस्थापनका लागि लचिलो नीति लिइनुपर्नेलगायत विषय निजी क्षेत्रले उठाएको छ ।

# अन्डा उत्पादक ७५ प्रतिशत किसान विस्थापित

चितवन, २ साउन/रासस

अन्डा उत्पादन गर्ने ७५ प्रतिशत किसान विस्थापित भएका छन् । पाँच वर्षभन्दा बढी समयसम्म लागत मूल्यभन्दा निकै कममा अन्डा बिक्री गर्नुपरेपछि किसान विस्थापित भएका हुन् ।

बैंकमा ऋण थपेर केही टिकेका हुन् भने केही नयाँ थपिएका छन् । पोल्ट्री व्यवसायी मञ्चका अध्यक्ष रघुनाथ भट्टका अनुसार दुई वर्ष अघिसम्म नेपालमा पाँच हजारभन्दा बढी लेयर्स कुखुरा पाल्ने फार्म रहेकामा हाल यो सङ्ख्या दुई हजारभन्दा तल छ। उनले भने, “जसको कुखुरा बाँकी छ, उहाँहरूले ४० प्रतिशतभन्दा माथि ऋण थपेर टिकेको हो ।”

अधिकांश व्यवसायीको अवस्था दयनीय रहेको उनको भनाइ छ। अहिले अन्डाको मूल्य बढेर लागत मूल्य नजीक पुगेको उनी बताउँछन्। केही महीनाअघि विज्ञहरूले अन्डाको लागत मूल्य प्रतिगोटा १६ रुपियाँ ५६ पैसा निकालेका थिए । अहिलेको फार्म मूल्य ठूलो प्रतिगोटा १६ रुपियाँ ३३ पैसा र ‘मिडियम’ अन्डाको मूल्य रु १६ रहेको छ ।

गत महीनाबाट अन्डाको मूल्य प्रतिगोटा रु १६ हाराहारी आएपछि लागत मूल्य नजीक आएको भट्ट बताउँछन् । नेपाल अन्डा उत्पादक सङ्घका पूर्वअध्यक्ष त्रिलोचन कँडेल धेरै अन्डा उत्पादक किसानले बैंकको ऋण र ब्याज तिर्न नसकेको बताउँछन् ।

उद्योग सङ्घ चितवनका निवर्तमान अध्यक्षसमेत रहेका कँडेलको भनाइमा दुई लाख ८२ हजार उद्योगी बैंकको कालो सूचीमा छन् । तीमध्ये ४० प्रतिशत कुखुरापालक किसान एवं पोल्ट्री व्यवसायी रहेको उनको भनाइ छ ।

पोल्ट्री व्यवसायी मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछाने भूकम्प, नाकाबन्दी, कोभिड महामारी, आर्थिक मन्दीलगायतका कारण मूल्य पाउन नसक्दा किसान विस्थापित भएको बताउँछन् । अघिल्ला वर्षहरूमा बैंकको ब्याज बढी हुँदा खर्च धान्न कठिन भएको उनको भनाइ छ ।

दानाको कच्चा पदार्थ र औषधिको मूल्य दोब्बर बढेको, कामदारको ज्याला बढेको, खोरको भाडा बढेको, कार्टुन, क्रेटलगायत सामग्रीको मूल्य बढेको तर अन्डाको मूल्य लामो समयसम्म बढ्न नसक्दा किसानको अवस्था दयनीय बनेको

(बाँकी पाँचौं पातामा)

# देउवा रोहबरमा ओलीको आगमन, प्रचण्डको बर्हिगमन

मन्तव्य



सन्तोष श्रेष्ठ

> **छलछाम, धोखाधडी, लुटलुटा र प्रतिशोधको राजनीतिले कोही किमार्थ राजनेता बन्न सक्दैन। सङ्कटका बेला नै हो नेतृत्वको खोजी हुने। त्यसैले ओलीले पाएको यो अवसरको अगाडि चुनौतीका अनेकन चाङ पहाड बनेर उभिएका छन्।**

नेपालको राजनीतिमा स्वर्ग वा नर्क सँगै जाने खाएको कसमको पनि केही अर्थ रहेन। संसदीय अङ्कगणितको चमत्कारी झोला बोकेर हिंड्नेहरूको पनि केही सीप नलागेर नाटकीयरूपमा सत्तामा विराजमान हुन पुगे नेपाली राजनीतिका चतुर खेलाडी केपी शर्मा ओली। आफूलाई नेपालको राजनीतिमा 'किङमेकर' ठान्ने प्रचण्डलाई एक झट्कामा बालुटारबाट खुमलटार पुऱ्याइदिए ओलीले। सधैं काङ्ग्रेस र एमाले भिडाउँदै सत्ता लम्ब्याउने प्रचण्डको रणनीति नराम्ररी पछारियो।

काङ्ग्रेसले प्रचण्डलाई सत्ताको सरदार बनाएर स्वतन्त्ररूपमा एकछत्र राज गर्न छोडेको थियो। काङ्ग्रेसको समर्थन छँदाछँदै प्रचण्ड सरकारले के के नै पाउँलाजस्तो गरी हौंसिएर ओलीको काखमा सुत्ने हतारोले आज 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी' जस्तो भएको छ। आफैंले प्रतिगमनकारीको बिल्ला झुन्ड्याउने अनि काङ्ग्रेसलाई थाङ्नामा सुताएर खुसुक्क आधा रातमा ओलीसँग घाँटी जोड्न पुग्ने प्रचण्डको उथलपुथल पार्ने रणनीति आज आफ्नैलागि ठूलो अभिशाप भएको छ। 'किन च्याउरिइस् मरीच आफ्नै रागले' भनेजस्तो भएको छ, आज प्रचण्डलाई।

तत्कालीन समयमा ओलीलाई संसद् विघटनकारी, संविधान मिचुवा तथा प्रतिगमनकारी देखेर प्रचण्डले बूढानीलकण्ठमा सत्ताको तालाचाबी मात्र बुझाएनन्, काङ्ग्रेससँग चुनावी गठबन्धन गरेर प्रतिगमनकारी ओलीलाई सदाको लागि अन्त नगरेसम्म 'सँगै बाँच्ने सँगै मर्ने' कसम खाएर गरेको गठबन्धन, किन प्रचण्डले छिनभरमा भताभुङ्ग पारे? त्यो भनिरहनु नपर्ला, जगजाहेर छ।

धोखाधडी/छलछामको राजनीति कति पीडादायक हुन्छ भन्ने सम्भवतः प्रचण्डले अहिले महसूस गरेरै होलान्। संसद्को रोस्टमबाट बडो भावुकताका साथ 'नयाँ समीकरणमा मलाईजस्तो अरूसँग व्यवहार नगर्नू' भनेर ओलीलाई कटाक्ष गरेका थिए। त्यो दृश्य निकै मार्मिक त थियो नै, उनको अनुहारमा धोखाधडी राजनीतिको पीडाबोध पनि झल्किरहेको थियो।

गिरिजाप्रसाद कोइरालासँग आफूले गरेको गलतीमा प्रायश्चित्त गरेजस्तै अब प्रचण्ड केही दिनसम्म काङ्ग्रेससँग गरेको गठबन्धनमा आफूले धर्म निर्वाह नगरेको भनेर प्रायश्चित्त गरे भने नौलो हुनेछैन।

वास्तवमा नेपाली काङ्ग्रेस र माओवादी केन्द्रका देशभरका कार्यकर्ताको मनोविज्ञान दुई दलबीच सैद्धान्तिक फरक भएपनि गठबन्धन भएकोले टुट्नुहुँदैन भन्ने पक्षमा नै थियो। यद्यपि कार्यकर्ता यस मनोभावनालाई नेतृत्वले बुझ्न सकेन। फङ्को हान्ने नीतिका कारण काङ्ग्रेस/माओवादी केन्द्रको गठबन्धन आज भङ्खालो परेको देखिहालियो। त्यसैले 'मरता क्या नहीं करता' भएर काङ्ग्रेसले बाध्य भएर मुख्य प्रतिस्पर्धी दलसँगै गठबन्धन गर्नुपरेको हो।

जेहोस्, राजनीतिक अस्थिरताले नेपाली समाज अत्यन्त निराश छ। देउवाको समर्थनमा ओलीको आगमन र प्रचण्डको बहिर्गमनले नेपाली जनता उत्साहित देखिंदैन। नेपाली जनतामा देखिएको निराशालाई आशा/भरोसामा परिणत गर्न यो मन्त्रिमण्डल सक्षम र योग्य हुनुपर्छ। नवनियुक्त प्रधानमन्त्री ओलीप्रति पनि जनताको मनोविज्ञान खासै राम्रो छैन। हुनत ओलीका प्रशंसकहरू ओलीको देवत्वकरण गर्ने कोशिशमा लाग्छन् नै। ओली महान् राष्ट्रवादी, विकासवादी, निडर आदिआदि भनेर कहिल्यै थाक्दैनन्। तर ओलीलाई छुच्चो बोली, निरङ्कुश तानाशाह, असहिष्णु, उखान टुक्के, कामभन्दा भाषणबाजी धेरै गर्ने, चर्चामा आउन अनावश्यक उट्पटचाङ बोल्ने, प्रतिगमनकारी आदि आरोप लगाउनेहरूको सङ्ख्या पनि कम छैन।

त्यस्तै, ओली सरकार गठन भइरहँदा गिरीबन्धु टि स्टेट, नक्कली भूटानी शरणार्थी, ललिता निवास, ओम्नी आदि काण्ड नै यस गठबन्धनको मुख्य कारक हुन् भनी नागरिक आशङ्का छ। यस्ता आलोचना अनि आरोपको सही ढङ्गले ओली सरकारले सम्बोधन गर्न सक्नुपर्छ। यी सबै प्रतिपक्षले लगाउने राजनीतिक आरोप मात्र हुन् भनेर बेवास्ता गऱ्यो भने दोस्रो रवि लामिछाने नहोला भन्न सकिंदैन। त्यसैले सरकारले त्यस्तो भूल कुनै हालतमा गर्नुहुँदैन। संविधान संशोधन 'हात्तीको देखाउने दाँत'जस्तो नहोस्। नागरिकस्तरबाट यी र यस्तै आउन सक्ने प्रश्न, अपेक्षा, चाहना, चासो अनि आरोपहरूको समीक्षा गर्दै जनताको मनोभावना अनुसार ओली सरकार अघि बढ्नुपर्ने हुन्छ।

विगतमा जस्तै फरक मत राख्नेलाई भित्तामा नै पुऱ्याउने, आफूले जे बोल्यो त्यो सही हुने र जे भन्यो त्यो निर्णय हुनुपर्ने हैकमवादी कार्य ओलीले त्याग्नुपर्छ। प्रतिपक्षको भावनाको कदर गर्न सक्नुपर्छ। आफ्नै दुई तिहाइ सरकार चलाउन नसक्नेले गठबन्धनको सरकार के चलाउला भन्नेहरूलाई मुखभरिको जवाफ दिएर आफूलाई परिमार्जित गर्नुपर्छ। राजनीतिक स्थिरता कायम गर्दै जनतालाई प्रत्याभूति दिने सुशासन कायम गर्न सक्नु पहिलो दायित्वको रूपमा लिनुपर्छ। छलछाम, धोखाधडी, लुटलुटा र प्रतिशोधको राजनीतिले कोही किमार्थ राजनेता बन्न सक्दैन। सङ्कटका बेला नै हो नेतृत्वको खोजी हुने। त्यसैले ओलीले पाएको यो अवसरको अगाडि चुनौतीका अनेकन चाङ पहाड बनेर उभिएका छन्। ओली सरकार यी सब समस्याहरूको बडो सुझबुझ अनि दूरदर्शिताका साथ अघि बढ्दै जाओस्, सफल कार्यकालको लागि हार्दिक शुभकामना!

# साउन लागेसँगै चुरापोतेको व्यापार बढ्यो

जलेश्वर (महोत्तरी), २ साउन/रासस




साउन लागेपछि यहाँका महिलाले हरियो चुरा र पोते लगाउने परम्पराले चुरापोतेको व्यापार बढेको छ। जिल्लामा साउन लागेदेखि रु सात लाखको चुरापोतेको व्यापार भएको उद्योग वाणिज्य सङ्घले जनाएको छ।


जिल्लाको जलेश्वर, मटिहानी, बर्दिबास, गौशाला, औरही, बलवा, मनरा, पिपरा, भ्रमरपुरालगायत बजार क्षेत्रबाट दुई दिनमा रु सात लाखको चुराको व्यापार भएको उद्योग वाणिज्य सङ्घका महासचिव शिवचन्द्र चौधरीले जानकारी दिए। यस अघिका वर्षमा पनि साउनमा मात्रै रु ३० लाख बढीको चुरापोतेको व्यापार हुने गरेको उनले बताए।

सदरमुकाम जलेश्वरमा लाग्ने गरेको चुरापोते बजार, शृङ्गार पसल तथा लहेरी (चुरा बेच्ने) महिलाले गाउँगाउँ गएर बेच्ने स्थानमा चुरापोते किन्ने महिला, किशोरी, युवतीहरूको घुइँचो लाग्ने गरेको जलेश्वर-२ का शृङ्गारको व्यापारी राम महतोले बताए। जिल्लाका अधिकांश हाटबजारमा हरियो, पहेंलो, रातो चुरा तथा पोते किन्ने महिलाको घुइँचो लाग्ने गरेको उनले बताए।

विवाहित महिलाले अनिवार्यरूपमा हरियो चुरा र पोते लगाउनुपर्ने परम्पराले गर्दा साउनमा अन्य समयको तुलनामा बढी व्यापार हुने गरेको जलेश्वर-२ का शृङ्गार व्यापारी मुस्ताक अन्सारीले बताए। "जिल्लामा यस अघिका साउनमा चुरापोतेको व्यापारबाट रु ३० लाखसम्म आम्दानी हुन्थ्यो। यस वर्ष दुई दिनको व्यापारको अवस्थाले आम्दानी बढी हुने अनुमान गरेका छौं," वाणिज्य सङ्घका महासचिव चौधरीले भने।

जलेश्वर बजारमा दैनिक चुरा बेच्दै आएका मुस्ताक लहेरीले दुई दिनमा रु १० हजारभन्दा बढी आम्दानी भएको बताए। गत वर्ष महीनाभरि रु एक लाख आम्दानी भएको जनाउँदै यो वर्षको साउनमा तुलनात्मकरूपमा बिक्री बढेकाले आम्दानी पनि बढी हुन सक्ने उनले उल्लेख गरे।

गौशाला बजारकी बेचनी खातुनले दुई दिनमा रु १५ हजार, बलवा बजारकी फुलगेन लहेरी र औरही बजारकी दुखनी खातुनले समान रु २० हजार, मनराकी हरिया लहेरनीले रु १५ हजारको चुरापोते व्यापार भएको बताएका छन्। साउन लागेसँगै जिल्लाका प्रत्येक गाउँ तथा शहरका चुरापसलमा हरियो चुरा र पोते लगाउने महिलाको घुइँचो लाग्ने गरेको छ।



**डोल्पाको त्रिपुरासुन्दरी मन्दिरः** डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ स्थित प्रसिद्ध श्री बाला त्रिपुरासुन्दरी मन्दिर। यो मन्दिर धान कुट्ने ओखलबाट उत्पत्ति भएको धार्मिक मान्यता रहेको छ। तस्बिरः रामचन्द्र न्यौपाने/रासस

## फरक समाचार

# वर्षायाममा लाग्ने रोग

वर्षायाम आउने बित्तिकै प्रकृतिमा हरियाली आउँछ तर रोगको जोखिम पनि बढ्छ। फोहोर पानीमा हुने कीटाणुले धेरै रोग निम्त्याउँछन्। लामखुट्टे, झिंगा र दूषित खानाबाट सर्ने यी रोगहरूबाट बच्न हामीले सावधानी अपनाउन जरुरी छ।




भारतको मुम्बईस्थित मेट्रोपोलिस हेल्थकेयर लिमिटेडका सङ्क्रामक रोग प्रमुख तथा एशोसिएट उपाध्यक्ष डा निरञ्जन पाटिलले वर्षायाममा फोहोर पानी, प्रदूषण र कीराको वृद्धिका कारण धेरै प्रकारका रोगहरू फैलिने बताएका छन्। त्यसैले मनसुनमा आफ्नो र परिवारको स्वास्थ्यको विशेष ख्याल गर्नु जरुरी छ। मनसुनमा लाग्ने यी रोग र यसबाट बच्ने उपायबारे जानौं।

**मलेरिया–** मलेरिया एउटा रोग हो, जसको लक्षणमा ज्वरो र चीसो लाग्ने गर्छ। रगत परीक्षण र ऱ्यापिड मलेरिया एन्टिजेन परीक्षणमार्फत यस रोगको पत्ता लगाइन्छ। यस रोगबाट बच्न लामखुट्टे भगाउने क्रिम, पूर्ण बाहुला भएको कपडा, झुल र झ्यालमा जाली प्रयोग गर्नुपर्छ। साथै घरवरिपरि पानी जम्मा हुन दिनुहुँदैन र लामखुट्टे मार्ने औषधि छर्नुपर्छ।

**डेङ्गुः** डेङ्गुका लक्षणहरूमा ज्वरो आउने, दाग र आँखाको गेडी दुख्ने गर्छ। गम्भीर अवस्थामा यसले रक्तस्राव र अङ्ग विफलता पनि निम्त्याउन सक्छ। डेङ्गु एनएस १, एन्टिजेन परीक्षण, डेङ्गु आइजिएम एन्टिबडी, डेङ्गु आइजिजी एन्टिबडी, डेङ्गु पिसिआर र ब्लड काउन्टमार्फत डेङ्गुको निदान गरिन्छ। मलेरियाबाट बच्ने उपायबाट नै डेङ्गुबाट बच्न सकिन्छ। साथै पुराना टायर, फूलदानी, निर्माणस्थल र खुला टङ्कीमा पानी जम्न दिनुहुँदैन।

**चिकनगुनियाः** चिकुनगुनिया भएपछि ज्वरो लाग्ने र जोर्नी दुख्ने गर्छ। चिकनगुनिया आइजिएम एन्टिबडी परीक्षण र चिकनगुनिया आरएनए पिसिआरद्वारा पत्ता लगाइन्छ।

**जिका भाइरसः** जिका भाइरसको पत्ता सिरम र युरिन परीक्षणबाट पत्ता लगाइन्छ। जिका भाइरस पिसिआर र जिका भाइरस आइजिएम एन्टीबडीको परीक्षणबाट पत्ता लाग्छ।

**लेप्टोस्पाइरोसिसः** लेप्टोस्पाइरोसिसका लक्षणहरूमा ज्वरो आउने, चीसो लाग्ने, दाग लाग्ने, जन्डिस र आँखा रातो हुने गर्छ। यसको पत्ता लेप्टोस्पाइरा आइजिएम एन्टिबडी टेस्ट र लेप्टोस्पायरा पिसिआरबाट पत्ता लाग्छ। यो रोगबाट जोगिन खुट्टामा घाउ, खटिरा भएको छ भने पानीमा हिंड्नुहुँदैन। घर र कार्यस्थल वरपर मुसामाथि नियन्त्रण गर्नुपर्छ। डोक्सिसाइक्लिन क्याप्सुलले लेप्टोस्पाइरोसिस रोक्न मदत गर्छ।

**टाइफाइडः** टाइफाइडमा ज्वरो आउने, पेट दुख्ने, जिब्रोमा सेतो लेप हुने र भोक नलाग्ने हुन्छ। यसको पत्ता सिबिसी, ब्लड कल्चर, टाइफाइड आइजिएम, विडाल टेस्ट र साल्मोनेला पिसिआरबाट हुने गर्छ। यसबाट बच्नको लागि बासी खाना, फोहर खाना, सडकमा बेच्ने खानेकुरा र दूषित पानी खानुहुँदैन।

**हैजाः** हैजाले पखाला र निर्जलीकरण निम्त्याउँछ। यो स्टूल कल्चरमार्फत पत्ता लगाइन्छ। यस रोगबाट बच्न नपाकेको खानेकुरा वा फोहोर सडकको खाना नखाने र फिल्टर गरिएको पानी पिउनुपर्छ।

यस्ता रोगबाट बच्न सरसफाइमा ध्यान दिनुहोस्, पानी जम्मा हुन नदिनुहोस् र लामखुट्टेबाट बच्ने उपायहरू अपनाउनुहोस। यदि तपाईंलाई यीमध्ये कुनै पनि रोगका लक्षण देखिएका छन् भने तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुपर्छ।

# अङ्कुरित मेथीको फाइदा

मेथी भान्साको प्रसिद्ध मसला हो, तर यसको फाइदाहरूबारे धेरै कम मानिसलाई थाहा छ। यसमा धेरै प्रकारका पोषक तत्त्व र भिटामिनहरू हुन्छन्, जसले यसलाई स्वास्थ्यको लागि उत्कृष्ट औषधीय खाना बनाउँछ।

विशेषगरी अङ्कुरित भएपछि महिलाहरूका लागि यो वरदानभन्दा कम हुँदैन। यसको नियमित सेवनले महिलाका यस्ता धेरै समस्या औषधिविना निको हुन्छन्, जसको बारेमा उनीहरू कसैसँग खुलेर कुरा गर्न सक्दैनन्।



**स्तनको आकार बढ्छः** एनआइएच रिपोर्ट अनुसार मेथीको दानामा एस्ट्रोजेनिक गतिविधि हुन्छ, जसले स्तनको आकार बढाउने काम गर्छ। यस्तो अवस्थामा यदि तपाईं आफ्नो स्तनको आकार बढाउन चाहनुहुन्छ भने यसको नियमित सेवनले तपाईंलाई फाइदा हुन्छ।

**महीनावारी राहतः** मेथीको स्प्राउट्समा एन्टी-इन्फ्लेमेटरी गुणहरू हुन्छन्, जसले महीनावारीको समयमा दुखाइ र क्र्याम्प कम गर्न मदत गर्छ। साथै यसमा फलामको मात्रा पनि राम्रो हुन्छ, जसले महीनावारीको समयमा रगतको कमीलाई पूर्ति गर्न मदत गर्छ।

**स्तनपान गराउने महिलाका लागि लाभदायकः** एनसिबिआईको रिपोर्ट अनुसार मेथीको स्प्राउट्सले प्राकृतिकरूपमा महिलामा दूध उत्पादन बढाउन मदत गर्छ। यसमा पाइने डाइजेनिन नामक तत्त्वले शरीरमा एस्ट्रोजनसरह काम गर्छ, जसले दूध उत्पादनलाई बढावा दिन्छ।

**हार्मोनल सन्तुलनः** मेथीको स्प्राउट्समा यस्ता तत्त्वहरू पाइन्छन्, जसले महिलाहरूमा हार्मोनल असन्तुलन हटाउन मदत गर्छ। पिसिओएस जस्ता समस्याबाट पीडित महिलाहरूका लागि पनि यो लाभदायक हुन्छ।

**छाला र कपालको लागिः** मेथी स्प्राउट्स भिटामिन सी र एन्टिअक्सिडेन्टमा भरपूर हुन्छ, जसले छालालाई पोषण दिन्छ र चाउरीपन र बुढ्यौलीका लक्षणहरूलाई कम गर्छ। साथै यसले कपाललाई बलियो र चम्किलो बनाउन पनि मदत गर्छ।

**कसरी उपभोग गर्नेः** मेथीको स्प्राउट्सलाई तरकारीको रूपमा वा सलादमा समावेश गरेर खान सक्नुहुन्छ। दहीमा मिसाएर यसको राइता पनि बनाउन सकिन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## चिनियाँ युवा बेरोजगारी दरमा सुधार



बेइजिङमा आयोजित रोजगार मेलामा युवाहरू । तस्वीरः एपी

बेइजिङ, २ साउन/एएफपी

चीनको अनिश्चित आर्थिक दृष्टिकोणबारे छलफल गर्न नीति निर्माताद्वारा बेइजिङमा बोलाइएको बैठक पछि जून महीनामा चीनमा युवा बेरोजगारी घटेको आधिकारिक तथ्याङ्कले बुधवार देखाएको छ ।

विकासमा असर पार्ने कडा कोभिड–१९ नियन्त्रण भएको १८ महीनाभन्दा बढी समयपछि प्रत्याशित महामारीपछिको सुधार नेताहरूले आशा गरेकोभन्दा कमजोर भएको छ ।

बढ्दो युवा बेरोजगारी विश्वको दोस्रो ठूलो अर्थतन्त्रले सामना गरेको अवरोधमध्ये एक हो । साथै भारी ऋणग्रस्त सम्पत्ति क्षेत्र र पश्चिमसँग भूराजनीतिक तनावले भरिएको व्यापार यसको अर्को पाटो हो ।

तर १६–२४ वर्ष उमेर समूहको बेरोजगारी दर गत महीना घटेर १३.२ प्रतिशतमा झरेको नेशनल ब्युरो अफ स्टचाटिस्टिक्स (एनबिएस)ले बुधवार घोषणा गरेको छ, जुन मे महीनाको १४.२ प्रतिशतबाट थोरै सुधार हो ।

विद्यार्थीबाहेकको आँकडामा अधिकारीहरूले जनवरीमा नयाँ गणना विधि अन्तर्गत युवा बेरोजगारी तथ्याङ्क प्रकाशित गर्न पुनः शुरू गरेपछि रेकर्ड गरिएको तथ्याङ्कमा यो सबैभन्दा कम हो । अधिकारीहरूले कार्यप्रणालीको समीक्षाको आवश्यकता उद्धृत गर्दै धेरै महीनाका लागि तथ्याङ्क विमोचन स्थगित गर्नु अघि गत वर्ष जूनमा यो रेकर्ड २१.३ प्रतिशतमा पुगेको जनाएका थिए ।

२५–देखि २९ वर्ष उमेर समूहको बेरोजगारी दर जूनमा ६.४ प्रतिशत रहेकोमा एनबिएसले बुधवार अघिल्लो महीनाको ६.६ प्रतिशतबाट कम भएको जनाएको छ ।

हाल बेरोजगारी दर पाँच प्रतिशतमा स्थिर रहेको छ ।

यद्यपि एनबिएसको तथ्याङ्क शहरी क्षेत्रमा मात्र केन्द्रित भएकोले चीनको समग्र रोजगारको अवस्थाको अपूर्ण विश्लेषण गर्छ ।

राष्ट्रपति सी जिनपिङले मे महीनामा युवा बेरोजगारीको प्रतिरोधलाई 'शीर्ष प्राथमिकता' मान्नुपर्ने बताएका थिए ।

गत महीना, ११.८ मिलियन विद्यार्थीहरूले चीनको विश्वविद्यालयबाट स्नातक गरेका छन् जसले रोजगार बजारमा कडा प्रतिस्पर्धा बढाउँदैछ ।

अधिकारीहरूले सोमवार जारी गरेको तथ्याङ्कले थप निराशाजनक आर्थिक वृद्धि र निरन्तर सुस्त उपभोगतर्फ सङ्केत गर्दछ ।

सोमवारदेखि, सीलगायत चिनियाँ नेताहरू आर्थिक नीतिबारे छलफल गर्न बैठक गरिरहेका छन् । रासस


**नारायणीमा बाढीले बगाएर ल्याएको रूख सङ्कलन गरिँदैः** पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका–५ स्थित नारायणी नदीले बगाएर ल्याएको रूख स्थानीयवासीले सङ्कलन गर्दै । बाढीले बगाएर ल्याएको रूख सङ्कलन गरी ठूलोलाई ससानो गोलिया बनाएर बिक्री गर्ने उनीहरू बताउँछन् । तस्बिरः अनिल यादव/रासस

## सबैया साझेदारी वन अतिक्रमणमा

वीरगंज, २ साउन/रासस

पर्साको सबडिभिजन वन कार्यालय, सबैया मातहत पर्ने करीब ३५ हेक्टर वन अतिक्रमणमा परेको छ । पर्सागढी नगरपालिका–३ झाला टोलका स्थानीयले २० हेक्टर तथा वीरगंज महानगरपालिका–३२ रामवनका बासिन्दाले १५ हेक्टर वन क्षेत्र कब्जा गरेर खेतीपाती तथा घरटहरा निर्माण गरेर बसेका छन् ।

सबैया साझेदारी वन व्यवस्थापन समूहका पूर्वअध्यक्ष लखनलाल साहले सबैया साझेदारी वन अन्तर्गत दुई ठाउँमा वन अतिक्रमण गरिएको जानकारी दिए । सबडिभिजन कार्यालयसँग पर्याप्त जनशक्ति नहुँदा सर्वसाधारणले वन अतिक्रमण गरिरहेको उनको भनाइ छ । विगतमा यहाँ साझेदारी र सबडिभिजन कार्यालयले गस्ती गर्ने गरेको थियो ।

"आठ महीनादेखि साझेदारी वन व्यवस्थापन समूह नेतृत्वविहीन छ, अतिक्रमण रोक्न कतैबाट सहयोग पाइएको छैन"–पूर्वअध्यक्ष साहले भने ।

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले वन अतिक्रमण रोक्न पहल भइरहेको बताए । डिभिजन वन कार्यालय, पर्साका डिभिजन वन अधिकृत सुनीलकुमार कर्णाले सबै निकायसँग समन्वय गरेर वन अतिक्रमण हटाइने बताए । यस अघि अतिक्रमणमा परेको ४७ हेक्टर वन खाली गराइएको थियो । उक्त वनमा खयर, मसला, टिक, सिमल, सिसो, जामुन, अम्रिसोलगायत प्रजातिका बिरुवा लगाइएका छन् ।

अहिले कार्यालयसँग सातजना कर्मचारी छन् । उक्त सबडिभिजन अन्तर्गत ३१८८.६९ हेक्टर वन क्षेत्र पर्छ । पर्सामा ११ हजार ५७५ हेक्टर वन क्षेत्र छ । साझेदारी वन व्यवस्थापन समूहभित्र वीरगंज महानगरपालिकाका ३२ वडामध्ये १९ र २७ बाहेक ३० वटा वडा तथा पर्सागढी नगरपालिकाको वडा नं ३ र ४ पर्छ ।

## अफगानिस्तानमा वर्षा र असिनाका कारण ३५ जनाको मृत्यु

काबुल, २ साउन/एएनआई

अफगानिस्तानको जलालाबाद शहर र नङ्गरहार प्रान्तको छेउछाउका क्षेत्रमा परेको भारी वर्षा र असिनाको कारण कम्तीमा ३५ जनाको ज्यान जानुका साथै २३० जना घाइते भएका खामा प्रेसले जनाएको छ ।

नङ्गरहारको सूचना तथा संस्कृति विभागले घटनामा नङ्गरहारका विभिन्न जिल्लामा मानिसको ज्यान गएको पुष्टि गरेको छ ।

विभागको रिपोर्ट अनुसार मृतक तथा घाइतेलाई उद्धार गरी नङ्गरहार केन्द्रीय तथा प्रान्तीय अस्पताल लगिएको छ ।

प्रारम्भिक रिपोर्टहरूले लगभग ४०० घर ध्वस्त भएको सङ्केत गरेका छन्, जसले बासिन्दा र व्यवसायलाई आर्थिक क्षति पुऱ्याएको छ । यद्यपि स्थानीय अधिकारीहरूले तथ्याङ्क अझ बढ्न सक्ने बताएको खामा प्रेसले जनाएको छ ।

प्राकृतिक प्रकोपपछि प्रभावित समुदायमा तत्काल प्रभाव कम गरी उनीहरूको पुनर्स्थापनाका लागि आवश्यक सहयोग प्रदान गर्ने कार्य भइरहेको स्रोतले जनाएको छ ।

तीव्र वर्षा र असिनाबाट भएको विनाशले प्रभावित मानिसको पीडा कम गर्न तथा क्षतिग्रस्त पूर्वाधार पुनर्स्थापना गर्न ठोस राहत उपाय आवश्यक रहेको औंल्याइएको छ ।

खामा प्रेसका अनुसार प्रभावित परिवार तथा समुदायको समर्थनमा जोड दिंदै अधिकारीहरूले उद्धार र पुनर्प्राप्ति प्रयास जारी राखेका छन् भने आवश्यक सहयोग प्राप्त गर्न सुनिश्चित गर्न ध्यान केन्द्रित गरिरहेका छन् । रासस

## प्रधानमन्त्री ओली साउन ६ गते विश्वासको मत लिंदै

काठमाडौं, २ साउन/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले यही साउन ६ गते आइतवार प्रतिनिधिसभाबाट विश्वासको मत लिने भएका छन् । प्रधानमन्त्री ओलीले सङ्घीय संसद्, प्रतिनिधिसभाबाट उक्त दिन विश्वासको मत लिने तय भएको नेपाल कम्युनिस्ट पार्टी (एमाले)का मुख्य सचेतक महेशकुमार बर्तौलाले जानकारी दिए ।

नेपालको संविधानको धारा ७६ (२) अनुसार नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसको समर्थनमा एमाले संसदीय दलका नेता ओली चौथोपटक प्रधानमन्त्री भएका हुन् ।

संविधानको धारा ७६ (४) बमोजिम उनले विश्वासको मत लिन लागेका हुन् । दुई वा दुईभन्दा बढी दलको समर्थनमा नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ ।

## नेप्से परिसूचक ५४ अङ्कले बढ्यो

काठमाडौं, २ साउन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकको उकालो यात्रा कायमै देखिएको छ । बुधवार नेप्से परिसूचक ५४ दशमलव ०४ अङ्कले बढेर दुई हजार ३६४ दशमलव ६३ को बिन्दुमा कायम भएको हो ।

आज ३०६ कम्पनीका तीन करोड २० लाख ९५ हजार ९३७ कित्ता शेयर एक लाख ४९ हजार ६८१ पटक खरीद–बिक्री हुँदा रु १२ अर्ब पाँच करोड ९२ लाख ६६ हजार ११३ बराबरको कारोबार भएको हो ।

आज व्यापार समूहको उपसूचक सबैभन्दा धेरै सात दशमलव ३० प्रतिशतले बढेको छ । आजको कारोबारमा सेन्ट्रल फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सिटिजन म्युचुअल फन्ड २ को सबैभन्दा धेरै नौ दशमलव ९० प्रतिशतले घटेको हो ।

सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडको सबैभन्दा धेरै २३ करोड ५५ लाख ८१ हजार बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा हिमाल दोलखा हाइड्रोपावर कम्पनीका १२ लाख २९ हजार ८८४ कित्ता शेयर किनबेच भएका छन् ।

## एमएच १७ विमान खसालिएको घटनामा रूस जवाफदेह

सिड्नी, २ साउन/एएफपी

अस्ट्रेलियाले बुधवार सन् २०१४ मा झन्डै ३०० जनाको ज्यान जानेगरी मलेशियन एयरलाइन्सको एमएच १७ विमान खसालिएको घटनामा रूसलाई जवाफदेह बनाउने प्रतिबद्धता जनाएको छ ।

सन् २०१४, १७ जुलाई मा एम्स्टर्डमबाट क्वालालम्पुर जाँदै गरेको बोइङ–७७७ विमानलाई पूर्वी युक्रेनमा रूसद्वारा निर्मित हवाई मिसाइल प्रहार गरेर खसालिएको थियो ।

विमानमा सवार ३८ जना अस्ट्रेलियाली नागरिकसहित सबै २९८ जनाको मृत्यु भएको थियो ।

क्यानबेरामा विमान आक्रमणमा मृत्यु हुनेको सम्झनामा आयोजित स्मारक समारोहमा विदेशमन्त्री पेनी वोङले शोकाकुल आफन्तहरूलाई भने– "रूसलाई जवाफदेह बनाउने प्रतिबद्धतामा अस्ट्रेलिया विचलित हुनेछैन ।"

अस्ट्रेलिया र नेदरल्यान्ड्सको संयुक्त राष्ट्रसङ्घीय एजेन्सी अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनमा रूसविरुद्ध मुद्दा चलिरहेको छ ।

रूसले घटनामा कुनै पनि संलग्नता अस्वीकार गरेको छ ।

विमान दुर्घटनामा आफ्ना आमाबुबा गुमाउने पल गार्डले विगत १० वर्ष निकै लामो समय रहेको र रूसलाई यस घटनाको लागि जवाफदेह बनाउनुपर्ने चाहना व्यक्त गरे । रासस

## अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन अनुरोध

काठमाडौं, २ साउन/रासस

ढाकास्थित नेपाली राजदूतावासले बङ्गलादेशमा रहेका नेपाली विद्यार्थीहरूलाई सुरक्षित रहन, अत्यावश्यक कामबाहेक छात्रावास वा आफू बसेको स्थानबाट बाहिर ननिस्कन तथा आआफ्नो कलेज प्रशासनको निर्देशन पालना गर्न अनुरोध गरेको छ ।

बङ्गलादेशमा जारी 'कोटा'विरोधी प्रदर्शनहरूमा भएका झडपका कारण बङ्गलादेश सरकारको शिक्षा मन्त्रालयले सम्पूर्ण सरकारी तथा निजी विश्वविद्यालय र शैक्षिक संस्था अर्को सूचना जारी नभएसम्मका लागि बन्द रहने भनी गरेको निर्णयको सन्दर्भमा दूतावासले त्यस्तो अनुरोध गरेको हो ।

दूतावासले बङ्गलादेश सरकारका निकाय एवं सम्बन्धित कलेज प्रशासनसँग निरन्तर सम्पर्क एवं समन्वय गरिरहेको बताएको छ ।

### अन्डा ...

उनी बताउँन्छ । नेपालमा अहिले अन्डा उत्पादक किसानमध्ये एक लाखभन्दा बढी लेयर्स कुखुरा पाल्ने किसान एवं फार्मको सङ्ख्या १५ रहेको छ ।

ठूला फार्म बढेका कारण धेरै किसान विस्थापित भएर पनि माग धान्न सकेको हो । किसान पलायन हुन थालेपछि विसं २०७९ असोज २९ गते लेयर्स कुखुरापालक किसानले नेपाल लेयर्स कुखुरापालक सङ्घ गठन गरेका थिए । सो संस्थाले देशव्यापीरूपमा बजारीकरण गरेसँगै पुराना किसानले थप कुखुरा पाल्न थालेको र नयाँ किसानसमेत आउन थालेका हुन् ।

सङ्घका अध्यक्ष विनोद पोखरेलले कुखुरा पालिरहेकाहरू पनि अधिकांशको ठूलो मात्रामा बैंक ऋण रहेको बताए । उनको भनाइमा धितो राखेर ऋण लिएकाहरूले धितो बिक्री गरेर ऋण तिर्ने अवस्थासमेत छैन । तत्कालीन समयमा लिएको ऋणमा ऋण थप्दै ब्याज तिर्दै आउँदा कुखुरा राख्न नसक्ने अवस्थामा धेरै किसान पुगेको उनको भनाइ छ । सङ्घ गठन हुँदै गर्दा किसानले अन्डाको मूल्य प्रतिगोटा रु आठभन्दा तल पाएका थिए । त्यति बेलाको नोक्सान धान्न मुश्किल भएको उनको भनाइ छ । अहिले ५० लाख लेयर्स कुखुरा रहेको र २५ लाखभन्दा बढी अन्डा दैनिक उत्पादन हुँदै आएको उनले जानकारी दिए । धेरै कुखुरा हुँदा ६० लाख नाघेको थियो । कुखुरा पाल्दै आएका किसान विस्थापित भएपछि धेरै खोर खाली छन् ।

### जानकारी

यस दैनिकको २०८१ असार २९ गते ३ नं पातामा भानुभक्त आचार्यबारे केही गन्थन आलेखको लेखक राजेन्द्रप्रसाद कोइराला रहेको जानकारी गराइन्छ । –सम्पादक

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – अलमल | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## निजगढ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
निजगढ, बारा
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८१/०४/०३ गते)

यस कार्यालयद्वारा मिति २०८१/०२/२० गते निजगढ नगरपालिकास्थित वडा नं १२ मा नाला निर्माण कार्यको लागि विद्युतीय बोलपत्र आह्वानको सूचना प्रकाशित भएकोमा तोकिएको म्यादभित्र दर्ता हुन आएका देहायका बोलपत्रहरू स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ (१)को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अङ्क (मूअकरबाहेक) |
|---|---|---|---|
| DRAIN/W/NCB/06/2080-081 | Construction works of Drain of Nijgadh ward no 10,12,13 Nijgadh, Bara | श्री मलङ्ग कन्स्ट्रक्शन, रौतहट | रु २२,५६,६१४/३२ (बाइस लाख छपन्न हजार छ सय चौध र बत्तीस पैसा मात्र) |

–प्रमुख प्रशासकीय अधिकृत



**मोहर्रम पर्व:** मुस्लिम समुदायको महान् पर्व मोहर्रम पर्वको अवसरमा नेपाल मुस्लिम समाज सङ्घले धूमधामका साथ मनाएका छन्। मोहर्रम अर्थात् दाहा पर्व हातहतियार प्रदर्शन गरी मनाउने गर्छन्। वीरगंजमा बुधवार बिहान विभिन्न ठाउँबाट मुस्लिम संस्कृति झल्किने झन्डासहित युवाले लाठीको कला प्रदर्शन गरेका थिए। इस्लामिक नयाँ वर्ष हिजरी संवत् शुरू भएपछि १० दिनसम्म मनाइने गरिन्छ। मुस्लिम समुदायले घरमा पूजापाठ गरी राखिएको तहाजियालाई मुहर्रमका दिन करबलामा लगेर विसर्जन गर्छन्। तस्वीरः नितेश कर्ण

# खेलकूदको संसार

## खेलाडी र पदाधिकारीको सम्मानमा स्वागत समारोह

काठमाडौं, २ साउन/रासस

यही साउन ११ गते शुक्रवारदेखि पेरिसमा हुने 'पेरिस ओलम्पिक' प्रतियोगितामा भाग लिने नेपाली खेलाडी तथा खेल पदाधिकारीको सम्मानमा स्वागत समारोह आयोजना गरिएको छ।

फ्रान्सेली राजदूतावासका कार्यवाहक राजदूत जाँ बाप्टिस्टी लेसिकले आयोजना गरेको उक्त समारोहमा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, जुडो खेलाडी मनीता प्रधान, ब्याडमिन्टनका प्रिन्स दाहाल, एथ्लेटिक्सकी सन्तोषी श्रेष्ठ, सुटिङकी सुस्मिता नेपाल र ओलम्पिक कमिटीका पदाधिकारी सहभागी थिए।

प्रतियोगितामा अलेक्जेन्डर जी शाह र डुआना लामा तथा टेबलटेनिसमा सन्तु श्रेष्ठले प्रतिस्पर्धा गर्दैछन्। कारणवश उनीहरू समारोहमा अनुपस्थित रहेका फ्रान्सेली राजदूतावासले जनाएको छ।

कार्यवाहक राजदूतले नेपाली खेलाडीको सफलताको कामना गर्दै प्रतियोगितामा नेपालको प्रतिनिधित्व आफैंमा गौरवको विषय भएको बताए।

अध्यक्ष श्रेष्ठले खेलाडी र प्रशिक्षकको मेहनतको प्रतिफल नेपाललाई प्राप्त हुनेमा आफू विश्वस्त रहेको बताए। एक सय वर्षअघि पेरिसमा नै गृष्मकालीन ओलम्पिक खेल भएकोले एक शताब्दीपछि सोही स्थानमा आयोजित यो प्रतियोगिताको ऐतिहासिक महत्त्व छ।

## अनैतिक कार्य गर्ने गराउने छजना पक्राउ

प्रस, वीरगंज, २ साउन/

बाराको कलैयास्थित पार्टी पैलेसमा अनैतिक कार्य गराइरहेको आरोपमा जिल्ला प्रहरी कार्यालय, बाराले सञ्चालकसहित महिला र पुरुष गरी छजनालाई नियन्त्रणमा लिएको छ।

पक्राउ पर्नेमा हिमानी रेस्टुरेन्ट तथा पार्टी पैलेसका सञ्चालक कलैया उपमहानगरपालिका-६ घुसुकपुर निवासी श्यामसुन्दरप्रसाद यादव, चारजना महिला तथा वीरगंज महानगर-२९ मुसैली निवासी एक युवक गरी छजना रहेको बारा प्रहरीले जनाएको छ।

पक्राउ परेका सबैजनामाथि मानव बेचबिखन तथा ओसारपोसारसम्बन्धी कसूरमा मुद्दा दर्ता गरी जिल्ला अदालतबाट सात दिनको म्याद लिई प्रहरीले अनुसन्धान बढाएको जनाइएको छ।

होटल सञ्चालकले लामो समयदेखि कलैयाबाहिरका महिलाहरूलाई होटलमा बोलाइ भारतीय ग्राहकहरूलाई यौन क्रियाकलाप गराउने गरेको एक पीडित महिलाको उजूरीको आधारमा प्रहरीले हिजो साँझ छापा मार्दा सञ्चालकसहित छजनालाई नियन्त्रणमा लिएको थियो।

स्थानीयका अनुसार सो होटलमा अनैतिक गतिविधि हुँदै आएको थियो। स्थानीयले पटकपटक गुनासो गरे पनि प्रहरी मौन थियो। छापामारी गर्ने बेला बारा प्रहरीले सो होटलबाट एक दर्जनभन्दा महिला रपुरुषलाई पक्राउ गरे पनि प्रहरीले छजनामाथि मात्र मुद्दा लगाएको छ भने अन्यलाई हिजो राति नै छोडेको थियो।

## ज्ञानदा एकेडेमी र वयोधा अस्पतालबीच सम्झौता

प्रस, वीरगंज, २ साउन/

ज्ञानदा एकेडेमी र नारायणी मेडिसिटी वयोधा अस्पतालबीच स्वास्थ्य शिक्षा सुधारका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

बुधवार एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइराला र नारायणी मेडिसिटी वयोधाका सहायक उपाध्यक्ष विजय रिमाल र व्यापार विकास अधिकृत स्वेच्छा विमलीले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्।




स्वास्थ्य र शिक्षा क्षेत्रमा नयाँ आयाम सिर्जना गर्ने उद्देश्यका साथ ज्ञानदा एकेडेमी र नारायणी मेडिसिटी वयोधा अस्पतालबीच स्वास्थ्य शिक्षा सुधारका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको प्रमुख कार्यकारी अधिकृत कोइरालाले बताए।

उनले स्वास्थ्य र शिक्षा मानव अधिकारका मुख्य आधार भएको तथा मानवको स्वास्थ्य र शिक्षाबीच घनिष्ठ सम्बन्ध हुनाले अहिलेको परिप्रेक्ष्यमा शिक्षा र स्वास्थ्य विद्यालयस्तरदेखि नै भविष्यमा अनुभवी दक्ष जनशक्ति निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने बताए।

कार्यक्रममा विजय रिमालले शिक्षा र स्वास्थ्य एकअर्काका पूरक भएकाले देशको दिगो विकासका लागि एकअर्कासँग सहकार्य शिक्षित समाजतर्फ अग्रगामी कदम बढाउन निकै सहयोग पुग्ने बताए।

कार्यक्रममा विद्यालयकी प्रधानाध्यापिका जागृति मिश्र, शैक्षिक प्रमुख सन्ध्या वशिष्ठ, शिक्षकशिक्षिका र छात्रछात्राहरूको सहभागिता थियो। कार्यक्रमको सहजीकरण शिक्षिका सुजाता शर्माले गरेकी थिइन्।

## चोरी गरेको आरोपमा एकजना पक्राउ

प्रस, वीरगंज, २ साउन/

जिल्ला प्रहरी कार्यालय, बाराले चोरी गरेको आरोपमा एकजनालाई पक्राउ गरेको छ। असार ३० गते कलैया उपमहानगरपालिका-६ पावरहाउसस्थित उपेन्द्र जयसवालको घरमा चोरी गरेको आरोपमा वडा नं १० मटिअर्वा निवासी १८ वर्षीय राहुल सर्राफलाई पक्राउ गरिएको जिप्रका, बाराले जनाएको छ।

प्रहरीले सर्राफको साथबाट एलइडी टिभी एक थान, आइरन, पिलास, तोडेको ताल्चा, दराजको हेन्डललगायतका सामान बरामद गरेको जिप्रका, बाराले जनाएको छ। पक्राउ परेका सर्राफलाई चोरीसम्बन्धी कसूरको मुद्दा दर्ता गरी जिल्ला अदालत बाराबाट चार दिनको म्याद थप गरी अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ।

## फरार मियाँ पक्राउ

प्रस, वीरगंज, २ साउन/

ज्यानसम्बन्धी कसूर मुद्दामा फरार रहेका पकाहामैनपुर गाउँपालिका-४ बस्ने ४० वर्षीय समसोद्दीन मियाँलाई प्रहरीले पक्राउ गरेको छ।

२०७६ असोज १९ गते पकहामैनपुर गापा-४ धोबिया टोलकी सोरियम खातुनलाई कुटपिट गरी हत्या गरेको अभियोगमा अदालतबाट दोषी ठहर भएका मियाँलाई प्रहरीले हिजो पक्राउ गरेको थियो। पक्राउ परेका मियाँलाई ज्यानसम्बन्धी कसूर मुद्दामा पर्सा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ।






## उच्चस्तरीय प्रविधिबाट बेपत्ताको खोजी गर्न कार्यदललाई सुझाव

चितवन, २ साउन/रासस

गत शुक्रवार पहिरोमा परी त्रिशूलीमा बेपत्ता भएका बस र यात्रीको खोजीमा उच्चस्तरीय प्रविधिको प्रयोग गर्न सिमलताल घटना अध्ययन गर्न गृह मन्त्रालयद्वारा गठित कार्यदललाई सुझाव दिइएको छ। घटनाको अध्ययन गर्न बुधवार आएको कार्यदललाई सरोकार भएकाहरूले नयाँ प्रविधिबाट बेपत्ता र बसको खोजी गर्न सुझाव दिएका हुन्।

जिल्ला प्रशासन कार्यालय, चितवनमा आयोजना गरिएको सुझाव सङ्कलनका क्रममा उनीहरूले घटनाको कारण पहिचान र यस्ता घटना पुनः हुन नदिन राज्य संयन्त्रले काम गर्नुपर्नेमा जोड दिए।

नेपाली काङ्ग्रेस चितवनका सभापति राजेश्वर खनाल, नेपाल कम्युनिस्ट पार्टी (एमाले)का कार्यवाहक अध्यक्ष श्याम विष्ट, नेकपा (माओवादी केन्द्र)का संयोजक रामचन्द्र अधिकारी, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष कृष्णप्रसाद भुसाल, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष नरेन्द्र कन्दङ्वाले घटना भएको धेरै दिन बित्दासमेत बस तथा धेरै यात्री पत्ता लाग्न नसकेको भन्दै नयाँ प्रविधिको प्रयोग गरी खोजी गर्न सुझाव दिए।

सरकारले खोजीका लागि धेरै जनशक्ति परिचालन गरे धमिलो पानीमा खोजी गर्न सकिने आवश्यक उपकरणको अभाव हुँदा समस्या भएको उनीहरूले बताए। भारी वर्षा भएको समयमा रात्रिकालीन बस सञ्चालनमा रोक लगाएर दुर्घटना न्यूनीकरण गर्न सरकारले पहल गर्नुपर्ने उनीहरूको माग थियो। बर्सात् शुरू भएसँगै सडकमा भएका नाली र कल्भर्टहरू सफा गर्न पनि उनीहरूले ध्यानाकर्षण गराए।

कार्यक्रममा सडक डिभिजन कार्यालय, चितवनका प्रमुख रमेशप्रसाद पौडेलले सडकको भौगोलिक बनावटका कारण पटकपटक समस्या हुने गरेको बताए। नौ सय मिटर माथिबाट खसेको पहिरोका कारण घटना भएको उनले जानकारी दिए।

खोजी कार्यमा संलग्न सशस्त्र प्रहरी बलका वरिष्ठ प्रहरी उपरीक्षक माधवप्रसाद पौडेलले आफूहरूसँग भएको प्रविधिबाट अहिलेसम्म सवारीसाधनको अवस्था जानकारी पाउन नसकेको बताए। घटनास्थलबाट घुमाउनेसम्म सवारीसाधन नभेटिएको उनले जानकारी दिए।

शवहरू घटनास्थलबाट करीब १०७ किलोमिटर तलसम्म भेटिएका बताउँदै पौडेलले नदीको भौगोलिक अवस्थाका कारण हाल भएका प्रविधिले काम गर्न नसक्दा अपेक्षाकृत परिणाम दिन नसकिएको उल्लेख गरे।

गृह मन्त्रालयद्वारा गठित कार्यदलका संयोजक छवि रिजालले खोजी कार्य द्रुतगतिमा अघि बढेको बताए। सबै क्षेत्रको सहयोगमा खोजी कार्य जारी रहेको बताए। मित्रराष्ट्र भारतबाट २१ तारिखसम्म आवश्यक सहयोग आउने उनले जानकारी दिए। "गोताखोरलगायत यहाँ नभएका उपकरण सहयोग गर्ने विषयमा भारत सरकारसँग समझदारी भइसकेको छ। त्यहाँबाट २१ तारिखसम्म सहयोग आइपुग्ने प्रतिबद्धता जनाइएको छ," संयोजक रिजालले भने। बसमा करीब ६५ जना सवार रहेको भनिएको भएपनि वास्तविक सङ्ख्या अझै आउन नसकेको र खोजीका लागि कुनै कसर बाँकी नराख्ने उनको भनाइ छ।

सुझाव सङ्कलनमा कार्यदलका सदस्यहरू नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक भुपेन्द्र खत्री, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक शङ्कर खनाल, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सिनियर डिभिजन इन्जिनीयर प्रकाशचन्द्र भण्डारी, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका प्रतिनिधि पुण्यप्रसाद सिटौला, विपद् प्राधिकरणका उपसचिव सन्ध्या सिग्देलसहितको टोली चितवन आएको हो।

टोलीले सुझाव सङ्कलनअघि घटनास्थलको निरीक्षण, अनुगमन तथा स्थानीय र अस्पतालमा उपचाररत घाइतेसँग समेत घटनाको बारेमा बुझिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए। सुझाव सङ्कलनअघि प्रमुख जिल्ला अधिकारी यादवले घटनापछि भएका गतिविधिका बारेमा जानकारी गराएका थिए।

गत असार २८ गते वीरगंजबाट काठमाडौं जाँदै गरेको बाग्मती प्रदेश ०३-००६ख१५१६ नम्बरको एन्जल डिलक्स र काठमाडौंबाट गौर जाँदै गरेको बाग्मती प्रदेश ०३-२४९५ख००१ नम्बरको गणपति डिलक्स बस सिमलतालमा लेदोसहित खसेको पहिरोसँगै त्रिशूली नदीमा बेपत्ता भएका थिए। उक्त बसमा सवार ६५ जनामध्ये तीनजना सकुशल निस्किएका थिए भने ६२ जना बेपत्ता भएका थिए। जसमध्ये १९ जनाको शव फेला परेको छ।


## विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनर्स्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |